www.krishionline.com मा पनि हेर्न सक्नु हुनेछ।
नेपालको पहिलो
कृषि साप्ताहिक
Nepal's First Agriculture Weekly
● वर्ष २ ● अङ्क ३६ ● २०७१ जेष्ठ १८ गते आइतबार ● 01 Jun. 2014 मूल्य रु.१०।-



व्यक्तिगत स्वार्थका कारण कृषि मन्त्रीको साख गिर्दो
कार्यकर्ता रिझाउन नियम मिच्दै

योगेन्द्र प्रताप शाही

काठमाडौं । मुलुकको विकासका लागि योजना बनाउने मन्त्रीहरु देश र जनताको विकास भन्दा पनि कार्यकर्ता वा आफू निकट संगठनका नाइकेहरु कै इशारामा लागे भने यो मुलुक कसरी बन्ला ? कृषक प्रधान देशका कृषि मन्त्री पनि यस्तै योजनामा लागेका छन् ।

संविधानसभाको सदस्य नै नभई मन्त्री बन्ने भाग्यमानी वर्तमान कृषि मन्त्री हरिप्रसाद पराजुली अहिले मन्त्रालयमा कार्यान्वयन भईरहेको नीति नियमलाई लत्याउन थालेका छन् । आफूलाई मन्त्री बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका एमालेका तर्फबाट सरकारको नेतृत्व गरिरहेका गृहमन्त्री बामदेव गौतमको निर्देशनमा चल्ने पराजुलीले किसानका पक्षमा सिन्को भाँच्ने छाँटकाँट पनि देखाएका छैनन् ।

बरु तिनै किसानका नाममा विदेश शयर गर्नमा नै व्यस्त देखिएका मन्त्री पराजुली यतिखेर फ्रान्सको पेरिसबाट साताव्यापी भ्रमणबाट आजै काठमाडौं आउदैछन् । मन्त्रीपद सम्हालेको १ सय दिन नविव्दै कृषि मन्त्री विस्तारै विवादित हुन थालेका छन् । कृषि विभागमा रिक्त रहेको महानिर्देशक पदमा एमाले निकट कनिष्ठ सहसचिवलाई चिट्ठी थपाएपछि वरिष्ठ कर्मचारी रुष्ट हुने त भएका छँदैछन् वरियताक्रममा वरिष्ठ कर्मचारीहरुलाई पनि मानहानी हुने गरी सरुवा गर्ने काममा मन्त्री पराजुली जुर्रमुराएका छन् । यसले कृषि मन्त्री पराजुलीको उचाई झनै घटाएको छ ।

कृषकहरुको प्रतिनिधित्व गर्ने मन्त्री कृषि विकास मन्त्रालयले पाएको खुशी व्यक्त गर्ने कृषि मन्त्रालय मातहतका कर्मचारी पराजुलीको काम देखेर वाक्क परेका छन् । पछिल्लो समयमा कृषि विकास मन्त्रालयले गरेका कामका कारण बढ्दै गएको साख मन्त्री पराजुलीले धुमिल्याई दिएका छन् । त्यसैले होला धेरै कृषि विज्ञहरुले एग्रोभेट सञ्चालक मन्त्री बनेपछि मन्त्रालयमा पनि एग्रोभेटको व्यापार जस्तै बन्न थालेको कानेखुशी गर्न थालेका छन् ।

आफूलाई किसानहरुको ठूलै नेता ठान्ने मन्त्री पराजुलीले आफ्नो पार्टी निकट सञ्चारकर्मी बाहेकका पत्रकारहरुलाई पूर्ण रुपमा पाखा समेत लगाउने गरेका छन् । किसान संगठनमा लामो समय काम गरेका मन्त्री पराजुलीले कृषिका योजना के के बनाएका छन् होला भन्ने जिज्ञाशा पूरा गरी किसानसम्म पुऱ्याउने हेतुले मन्त्रीले नै दिएको समयमा पटक पटक कहिले मन्त्रालय त कहिले मन्त्री क्वाटरसम्म पुग्दा पनि मन्त्री पराजुलीले पूर्ण वेवास्ता गर्दै दुख दिएको एक कृषि पत्रकारले कृषि साप्ताहिकलाई बताए ।

पत्रकारहरुलाई त यता र उता कुदाउने मन्त्रीले समस्या लिएर पुगेका किसानलाई कत्तिको दुख देलान् उनको तर्क थियो । हुन पनि मन्त्री पराजुलीले कनिष्ठ महानिर्देशक नियुक्ति गर्ने काम मात्र गरेरन् केही वरिष्ठलाई पनि 'डिमोसन' गर्ने सोचले तल्लो कार्यालयलमा सरुवा गरिदिएका छन् । मन्त्री पराजुलीको एकलकाँटे निर्णयका कारण मध्यमाञ्चल क्षेत्रीय कृषि कार्यालयका लेखनाथ आचार्य पोखरा फालिएका छन् भने कृषि विभागमा उपमहानिर्देशक भईसकेका टेकबहादुर बमलाई क्षेत्रीय निर्देशक जस्तो तल्लो

बांकीपृष्ठ ७

उंधो गतितिर कृषि विभाग

कृषि विभागको महानिर्देशक हुनका लागि जिल्ला स्तरको प्रमुख, क्षेत्रीय स्तरको निर्देशक विभाग स्तरको उपमहानिर्देशक हुँदै महानिर्देशक हुने परम्परालाई तोडी सिधै टुरिष्ट सहसचिवलाई जिम्मेवारी दिँदा विभागको घरभित्र बसेर इमान्दारपूर्वक काम गरि महानिर्देशक हुन खोजिरहेका उपमहानिर्देशकहरु यतिखेर मुटु माथि ढुङ्गा राखेर हाँस्न थालेका छन् ।

विभागमा कार्यरत एक उपमहानिर्देशक आफू पहिलाका मन्त्री टेकबहादुर थापाका पालामा नै महानिर्देशक हुन खोजेको हुँदा हुँदै पनि नसकेपछि वर्तमान मन्त्री पराजुलीलाई खुवै रिझाउने प्रयास गर्दा समेत आफूलाई महानिर्देशक नबनाएपछि विभागमा काम गर्न झिझो मान्न थालेका छन् । काम भन्दा राजनीति ठूलो देखियो त्यसैले विभागमा काम गर्नुको कुनै तुक छैन उनको धारणा छ ।

बांकीपृष्ठ ७

मौरीपालन र च्याउखेतीलाई पहिलो प्राथमिकतामा राख्नु पर्ने

शिव पाण्डे

काठमाडौं । राष्ट्रिय योजनाले मौरी पालन व्यवसायलाई पहिलो प्राथमिकतामा राख्नु पर्ने व्यवसायिक कीट विकास निर्देशनालयका कार्यक्रम निर्देशक जगदीशभक्त श्रेष्ठले बताएका छन् । कार्यक्रमका आधारमा राष्ट्रिय योजनाले आयोगले हरेक बर्ष कार्यक्रुरुको बर्गिकरण गर्ने क्रममा यस बर्ष मौरीपालन, रेशम खेती तथा च्याउ खेतीलाई दोस्रो प्राथमिकतामा राखेकाले आगामी बर्षको योजनामा यसलाई पहिलो प्राथमिकताका कार्यक्रममा समाबेश गर्नु पर्ने समेत श्रेष्ठको भनाई छ ।

मौरीले परागसेचनका माध्यमबाट कृषिमा पुऱ्याउने योगदान बृहत भएकाले र मौरीपालनबाट कृषि विकासमा परागसेचित बाली नालीमा बीउ तथा उत्पादनमाबृद्धि गर्नुका साथसाथै गुणस्तर बृद्धि गर्ने कार्यमा समेत मद्दत पुऱ्याउने गर्दछ । यसले स्याउमा १ सय ८० देखि ६ हजार ९ सय ५० प्रतिशतमा बृद्धि हुने

तथ्याङ्कले देखाउछ । फलफूलहरु मध्ये लिचीमा सवैभन्दा उत्पादन बृद्धि गराउने देखिएको छ । जसले ४ हजार ५ सय ३८ देखि १० हजार २ सय४० प्रतिशतसम्म बृद्धि गर्ने उनले बताए । यसैगरी तोरीमा १ सयदेखि १ सय ३३ प्रतिशतसम्म बृद्धि हुने समेत

बाँकी पृष्ठ ७

कृषक समूह महासंघमा पुन : अधिकारी

काठमाडौं । साना किसानको अभियान, किसान मैत्री संविधान मूलनारा लिएर शुरु भएको किसानहरुको नेता छान्न काम सम्पन्न भएको छ । राष्ट्रिय कृषक समूह महासंघको केन्द्रीय अध्यक्षमा अर्को एक कार्यकालका लागि पुन : उद्धव अधिकारी सर्वसम्मतले निर्वाचित भएका छन् ।

किसानहरुको साझा संगठन नभईरहेको चर्चा चलिरहेका बेला महासंघले किसानका पक्षका वकालत गर्ने आशा लिइएको छ । महासंघको निर्वाचित पाच जना उपाध्यक्षमा क्रमश: ओमकृष्ण श्रेष्ठ, भक्त बहादुर बस्नेत, पन्तकाजी श्रेष्ठ, चित्रनाथ पौडेल, हर्कबहादुर थापा छन् भने महासचिवमा नवराज बस्नेत, सचिवमा रामहरि शर्मा र कोषाध्यक्षमा रीता बस्ताकोटी सर्वसम्मतले चयन भएका हुन् । महासंघको दुई दिनसम्म चलेको महाधिवेशनले ४१ सदस्यीय केन्द्रीय समिति चयन गरेको थियो ।

ज्ञान भैरवले ल्यायो अर्गानिक मल

काठमाडौं । केही समय अगाडि कृषि विकास कार्यालय काठमाडौंले आफ्नो जिल्लालाई अर्गानिक कृषि उत्पादनको पकेट क्षेत्र बनाउने सोच लिएको धारणा सार्वजनिक गरेको थियो । अर्गानिक उत्पादनका लागि विस्थापित भएका पशुपालन व्यवसायलाई पुर्न सञ्चालनमा ल्याउने खालका योजना बनाएको भएपनि पशुपालन व्यवसाय जति फस्टाउनु पर्ने हो त्यो हुन नसकी विस्तारै विस्तारै लोप हुने अवस्था देखिएको छ ।

पशुपालन व्यवसाय विस्थापित हुँदै गईरहेका बेला मुलुकभर अर्गानिक उत्पादनका लागि सहज बनाउने हेतुले ज्ञान भैरव इन्टरनेशनलले किसानहरुका लागि सर्वसुलभ दरमा थाईल्याण्डमा उत्पादन भएको अर्गानिक मलको विक्री शुरु गरेको छ । कृषि विकास मन्त्रालयको स्वीकृतिमा नार्कद्धारा प्रमाणित गरिएको थाईल्याण्डबाट झिकाईएको Nam Dok Mai नामक अर्गानिक मलको आधिकारीक विक्रेता ज्ञान भैरव रहेको छ । दुई बर्ष अगाडि नै ल्याउने तयारी गरिएको सो अर्गानिक मल झण्झटिलो प्रशासनिक प्रक्रियाका कारण ल्याउन कठिनाई भएको भएपनि कृषि विकास मन्त्रालयको सहयोगमा हाल थाईल्याण्डबाट आयात गरी मुलुकभर विक्री वितरण भईरहेको सो कम्पनीले जनाएको छ ।

नेपालमा अर्गानिक मल कारखाना खोल्नका लागि सरकारले ५० प्रतिशत अनुदानको व्यवस्था गरेको भएपनि ठूलो लगानी गर्नु पर्ने भएका कारण मल कारखाना खोल्न सकिएको छैन । थाईल्याण्डबाट झिकाइएको सो मलबाट भएपनि अर्गानिक कृषि उत्पादनमा ठूलो टेवा पुग्ने ज्ञान भैरवले जनाएको छ ।

खै धानको बीउ ?

जेठको आधा शुरु भएपछि शुरुवात भएको बर्षातका कारण निर्वाहमुखी कृषि खेतीमा संलग्न रहेका किसानहरु खुशीले उन्मत्त त देखिएका छन् । तर यही बर्षातसँगै गुणस्तर धानको बीउको अभावका कारण जति खुशीले उन्मत्त देखिएका छन् त्यो भन्दा बढी निराशा र चिन्ताका रेखाहरु किसानका अनुहारमा देखिन थालेका छन् । यतिखेर किसानका गराहरुमा धानको बीउ छर्ने चटारो छ । तत्काल धानको बीउ छर्न नपाउने हो भने असारमा रोपेर मंसीरमा भित्र्याउन सपना चकनाचुर हुन्छ । त्यसैले पनि किसानहरु परम्परागत रुप कै भएपनि घरेलु धानको बीउ छर्न वाध्य भएका छन् ।

कृषि मन्त्रालय मातहतका निकायहरुले जति सुकै व्यवसायिक र गुणस्तरको बीउको कुरा गर्ने गरेको भएपनि किसानहरुले वास्तविक रुपमा उन्नत जातको गुणस्तरीय धानको बीउ पाउन सकेका छैनन् । यतिसम्म की बीउ विजन कार्यालय तथा कृषि अनुसन्धान परिषद्ले सिफारिस गरेका धानका बीउहरु समेत काम नै नलाग्ने भएका देखिन्छन् । सायद कृषि क्षेत्रमा हुने गरेका राजनीतिक हस्तक्षेपका कारण पनि यस्तो अवस्था आएको हो की भन्ने शंका उब्जन थालेको छ ।

पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका किसान यतिखेर धानको बीउको खोजीमा भौतारिएका छन् । जनतालाई सम्वन्धित पक्षले बीउको सहजताका बारेमा जानकारी गराउनु पर्ने थियो तर त्यो गर्न सकेको छैन । मुख्य खाद्यबालीका रुपमा रहेको धानको बीउ पाउने किसानले यति दुख्न खेप्नु पर्ने अवस्था छ । असारमा रोपेर मंसीरमा भित्र्याउनु पर्ने धानको गुणस्तरीय बीउको अभाव खेपेकै कारण किसानले गुणस्तरहिन वा दलालहरुको फन्दामा हाइब्रिडका नाममा गुणस्तरहिन बीउ छर्नु पर्ने वाध्यता रहेको छ । त्यसकै उदाहरण गत बर्ष भक्तपुर लगायतका जिल्लामा देखिएको धानको समस्यालाई लिन सकिन्छ ।

नेपालमा धान विज्ञ कति छन् भन्ने कुरा खोज्ने र ती धान विज्ञहरु के गरिरहेका छन् उनीहरुलाई राज्यले कसरी संरक्षण गर्ने वा गुणस्तरीय धानका सन्दर्भमा अनुसन्धान गर्न लगाई किसानलाई सहज रुपमा धानको बीउको व्यवस्था गर्न सके मात्र पनि धानबाली फस्टाउला अन्यथा आगामी बर्षमा धानमा पनि परनिर्भरता नहोला भन्न सकिन्न । ■

आफ्नै सूचना

नेपालको पहिलो कृषि साप्ताहिकका रूपमा प्रकाशित कृषि साप्ताहिकमा तपाइँका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क

कृषि साप्ताहिक, अनामनगर

इमेल : sajnepal@gmail.com

web: www.krishionline.com

कृषि नीतिबारे गम्भीर हुन अत्यावश्यक

उपेन्द्र झा

नेपाली कृषिमा रासायनिक मल तथा कीटनाशक बिषादीको अत्यधिक प्रयोगका कारण नेपाली जनजीवनमा देखिएका रोग, ब्याधिले नेपाली जनताको स्वास्थ्य क्षेत्रमा ठूलो प्रश्न उठाई दिएको छ । कृषिक्षेत्रमा पनि यसले ठूलो नकारात्मक असर पारेको छ । रासायनिक मलको अनियमित प्रयोगका कारण माटोको मौलिक उर्बराशक्तिको ह्रास भएको छ भने कृषि उत्पादनमा बिषादीको प्रयोगका कारण मानवको स्वास्थ्यमाथि नकारात्मक असर देखिएको छ । अरबौं रकम खर्च गरेर विदेशबाट ल्याईने रासायनिक मल र बिषादीको प्रयोग गरेर पनि कृषि उत्पादन बढ्नुको सट्टा दिनानुदिन घट्दै गएर चौपट बनेको हाम्रो कृषिक्षेत्र वैकल्पिक मार्गको अभावमा विनाशको चक्रव्यूहबाट निस्कन सकि रहेको छैन । अरबौंको रासायनिक मल मागाउने र प्रतिवर्ष खरबौंको कृषि उत्पादन आयात गरिने बिडम्बनाको सरकारले कुनै विकल्प पनि दिन सकि रहेको छैन ।

रासायनिक मल र बिषादी प्रयोगबाट दुषित भएको खाद्यान्न उपभोग गरि नेपाली जनताको स्वास्थ्यमा परि रहेको असरले सरकारको जिम्मेवारीमाथि ठूलो प्रश्न उठाएको छ । यही जिम्मेवारीबोधका कारण सरकारी स्तरमा कसै कसैले विरोधका स्वरहरू उठाउन थालेका छन् । सरकारलाई जिम्मेवारीबोध गराउन सरकारी निकायबाटै उठ्न थालेको विरोधका आवाजहरू सकारात्मक दिशा लिने सम्भावना बढेको छ । साधन स्रोत भएपनि कृषिको स्तरोन्नति हुन नसक्नु र 'स्लो फूड प्वाईजन' को रूपमा रहेको खाद्यान्न प्रयोग गर्न जनता बाध्य हुनु परेकोले सरकारी तथा गैर सरकारी स्तरबाट आवाज उठ्न थालेको हो । पूर्व सावधानीको प्राथमिकतामा राखिने स्वास्थ्य क्षेत्र विस्तारै जोखिमपूर्ण अवस्थामा गएको सबै जानकार क्षेत्रको ठम्याई छ । सरकारले यस क्षेत्रमा गम्भीरतापूर्वक चासो नलिएकोले निजीक्षेत्र अर्गानिक खेतीको सानो प्रयासलाई विस्तारै थाल्न शुरू गरेको छ । सानै स्केलमा भए पनि देशको विभिन्न भागमा अर्गानिक खेती गर्न थालिएको हो । बिषादी तरकारीको विकल्पमा शुद्ध तरकारी उब्जाएर प्रयोग गरिने व्यक्ति स्तरबाट शुरू भएको यो अभियान विस्तारै व्यावसायिक प्रतिष्ठानको रूपमा विकसित हुँदै जाने सम्भावना छ ।

संक्रमणकालीन अवस्थाले हरेक क्षेत्रमा ल्याएको अराजक प्रभाव र त्यसले ल्याएको कुप्रवृतिबाट जन जीवन अस्त व्यस्त बनाएको छ । खासगरि वित्तिय अराजकताले त जोखिमपूर्ण अवस्थाको सृजना गरि दिएको छ । स्थानीय स्तरमा सहकारीको माध्यमले आर्थिक क्रान्ति गर्ने सरकारले लिएको नीति अनुसार यसलाई कमाई खाने माध्यम बनाउने उद्देश्यले हजारौं सहकारी दर्ता भयो । लाखौं मानिस यसको सदस्य बने भने दशौं लाख व्यक्तिले यसमा रोजगारी पाए ।

यसले राजस्व संकलनमा ३ प्रतिशत ले योगदान पुऱ्याएको छ । वित्तिय अराजकको तरल अवस्था र सरकारको उचित प्रवन्धको अभावमा सहकारीहरूको मनोमानी बढ्दै गयो र पछि नकारात्मक परिणाम भोग्न जनता बाध्य भयो । आकर्षक ब्याज दर देखाएर जनताबाट निक्षेप संकलन गरि जोखिमपूर्ण अनुत्पादक क्षेत्रमा लगानी गरि डुबेका सहकारीहरूले जनताका अरबौंका निक्षेप डुबायो । वित्तिय तरलताको संवेदनशीलतालाई अध्ययनै नगरि सहकारीहरू नाफा कमाउने उद्देश्यले अनुभवहीन छलाङ्ग लगाउने, सेवामुखी भएर जनताको जीवनस्तर उकास्ने, कृषि उत्पादन बढाउने, आय आर्जनका सीपमूलक तालिम दिएर आत्मनिर्भर बनाउने, सहभागितामूलक स्थिर र दिगो व्यवसाय स्थापना गरि समूहगत आर्थिक स्वावलम्बनका कार्यक्रमहरू दिने आदि जस्ता जनमुखी कार्यक्रम नदिई जनतालाईनै चुस्ने वित्तिय कारोवारका कारण डुबेका सहकारीहरू विस्तारै खारेज हुँदै गई रहेका छन् । कतिपय जोखिमपूर्ण कर्जाका कारण खारेजमा परेका छन् भने कतिपय संचालन गर्न नसकेर खारेज भएका छन् । सरकारको फितलो नीतिका कारण पनि सहकारी बदनाम भएर विसर्जनको अवस्थामा पुगेका छन् ।

अर्गानिक कृषि उत्पादनको चारैतिरबाट आवाज उठि रहादा सरकारले सहकारीलाई कृषि उत्पादनको क्षेत्रमा संलग्न गराई सहयोग गरेबाट यो क्षेत्र अपेक्षित लक्ष्य हासिल गर्न सक्थ्यो र यसले बिषादि खाद्यान्न विस्थापनमा कोशे ढुगा साबित हुन्थ्यो । बिषादि कृषि उत्पादको फैलि रहेको दुष्प्रभावलाई अनुभूत गरि सरकारी स्तरका केही जानकारहरू पत्र पत्रिका मार्फत सबैलाई सचेत गराई रहादा पनि यो क्षेत्रमा सरकारले व्यावहारिक कदम उठाएको देखिदैन ।

सहकारीलाई उत्पादन क्षेत्रमा प्रोत्साहन गर्नुको सट्टा सरकारी नियन्त्रणभन्दा बाहिर अराजक अवस्थामा वित्तिय कारोवारबाट मनपरि नाफा आर्जन गर्न छुट दिएकोले सबै त्यही कार्यमा लागेर सहकारीलाई फेरि जनताको नजरबाट गिराउने काम गरे । ग्रामीण क्षेत्रको विकासमा योगदान गर्न ल्याईएको सहकारीको अवधारणा सरकारको उचित रेखदेखको अभावमा यो पनि कृषिक्षेत्रको सुधार गर्न ल्याईएका बैक जस्तै नाफाखोर वित्तिय संस्थाको रूपमा देखा पऱ्यो र यसले जनताको जीवनस्तर खस्काउने काम गरि असफल भएका छन् ।

उत्पादनशीलताको अवस्था खस्किदै गएर हरेक क्षेत्रमा परनिर्भरता दिनानुदिन बढ्दै गई रहेको सरकारको तथ्याकले देखाई रहेको छ । माघ ६, ०७०, आर्थिक कारोवार दैनिकमा टुलराज बस्यालको तथ्याक अनुसार वस्तु आयात ०६२/०६३मा ८३.८प्रतिशत बाट ०६४/०६५मा ८०.४ प्रतिशत मा झरेको थियो भने ०६५/०६६ बाट पुन: बढ्दै ०६८/०६९ मा ८८.७प्रतिशत, ०६९/०७० मा ८६.२ प्रतिशत रहेको छ । निर्यात तर्फ ०६२/०६३ मा ६९.९ प्रतिशत बाट घट्दै ०६९/०७० मा ४७.५ प्रतिशत पुगेको छ ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष ०७०/०७१ को पाँच महिने प्रतिवेदन सार्वजनिक गर्दा कृषिमा परनिर्भरताको चित्र यस्तो देखियो । कृषि विकास मन्त्रालयको तथ्याक अनुसार नेपालमा ०६८/०६९ मा ५० लाख ७२ हजार मेट्रिक टन, ०६९/०७० मा ४५ लाख ४ हजार मेट्रिक टन तथा ०७०/०७१ मा ५० लाख ४७ हजार मेट्रिक टन धान उत्पादन भयो । सोही अवधिमा भारतबाट चामलको आयात ०६८/०६९ मा ८५ करोड ८३ लाखको चामल आयात भएको थियो भने ०६९/०७० मा यो रकम बढेर २ अर्ब ८७ करोड ५९ लाख, ०७०/०७१ मा ३ अर्ब ३० करोड ५९ लाखको चामल आयात भएको हो । कृषिक्षेत्रमा आयातको यो भयावह अवस्थाको अगाडि नेपालमा भई रहेको धान उत्पादनको महत्वलाई त्यसै पनि गौण बनाएको छ ।

नेपाल राष्ट्र बैंकको तथ्याँक अनुसार आर्थिक वर्ष ०७०/०७१ को मंसीरसम्मको पाँच महिनामा कूल वस्तु आयात २ खर्ब ७० अर्ब ३५ करोडको भएको छ । अघिल्लो वर्ष सोही अवधिमा २ खर्ब २५ अर्ब ३९ करोडको आयात भएको थियो । निर्यातको तुलनामा आयात फराकिलो अन्तरले बढेका कारण कूल वस्तु व्यापार घाटा २१ प्रतिशत अर्थात् २ खर्ब ३२ अर्ब ९९ करोड पुगेको छ ।

सोही तथ्याक अनुसार १०.३ प्रतिशत ले मूल्यवृद्धि देखाएको छ । आ.व. ०७०/०७१को श्रावणमा ७.९प्रतिशत, भाद्रमा ८प्रतिशत, असोजमा ८.४ प्रतिशत, कार्त्तिकमा १०प्रतिशत तथा मंसीरमा १०.३ प्रतिशतले वृद्धि भएको छ । यो मूल्यवृद्धि तराईमा १०.९प्रतिशत, उपत्यकामा १०.७ प्रतिशत तथा पहाडमा ८.७ प्रतिशत ले बढेको छ ।

एन० सी० ए० २००१ को सर्वे अनुसार देशको कृषिभूमि मधेशमा ५२.६ प्रतिशत, पहाडमा ३९.१प्रतिशत तथा हिमालमा ८.३ प्रतिशत रहेको छ । मधेशमा झापादेखि कञ्चनपुरसम्म २० जिल्लामा कृषिभूमि १३ लाख ९६ हजार ६०७.२ हेक्टर रहेको छ । कूल सिंचितक्षेत्र ५ प्रतिशत अर्थात् ६३ हजार २ सय ८० हेक्टर कृषिभूमि रहेको छ । नेपालमा जम्मा ३५ लाख हेक्टर कृषिभूमि रहेको छ । उन्नत बीउ जोगाउन जिन बैंकको स्थापना गरिएको छ । कोल्ड स्टोर, प्रागारिक मल कारखाना स्थापना एवं कृषिवाली र पशुवीमामा सरकारले ५० प्रतिशत अनुदान दिने नीति लिएको छ । नेपाल राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीति अनुसार वाणिज्य बैंकहरूले कूल ऋण प्रवाहको १० प्रतिशत रकम कषि र उर्जाक्षेत्रमा लगानी गर्नै पर्ने नीति पनि छ । सरकारले काभ्रेको कुशादेवी र महादेव स्थानमा आई० पी० एम० (इन्टिग्रेटेड पेस्ट म्यानेजमेन्ट) विधीबाट कृषि उत्पादन गर्न प्रोत्साहन कार्यक्रम प्रयोगमा ल्याएको छ ।

कृषि उत्पादन बढाउन उपरोक्त सुविधाहरू सरकारले प्रदान गरे पनि वर्षेनी वृद्धि भई रहेको कृषिवस्तुको आयातको परिमाणले हाम्रो देशमा कृषि उपज केही न रहेको भान हुन्छ । या त यी सुविधाहरू प्रदान गर्ने जटिल प्रक्रियाका कारण सरकारी फाइलमा सिमित रही जनतासम्म पुग्न सकेको छैन वा यो दातृ संस्थालाई देखाएर सन्तुष्ट पार्ने कागजी विधी मात्र हो । साधनस्रोत सम्पन्न भएर पनि कृषि उत्पादन गर्न र गराउन नसकेको पछाडि भ्रष्ट आचरणको मानसिकतानै देखिन्छ । हरेक कुरामा कमीशन खाने सरकारी कर्मचारीको अपरिवर्तनीय चरित्रले हरेक

बाँकीपृष्ठ ७

मल कारखाना सम्भाव्यता अध्ययन

काठमाडौं । कृषि उत्पादन वृद्धिका लागि रासायनिक मलको माग बढ्दै गएपनि सोहीअनुरुप आपूर्ति गर्न भने सकिएको छैन । त्यसैले बर्सेनि मलको अभाव हुने गरेको छ । सोही अभावलाई पूर्ति गर्ने उद्देश्यका साथ स्वदेशमै मल उत्पादन कारखाना सञ्चालनार्थ कृषि विकास मन्त्रालयले यसै वर्ष सम्भाव्यता अध्ययनका लागि लगानी बोर्डलाई जिम्मा दिएको छ ।

मन्त्रालयका अनुसार विगत छ वर्षको अवधिमा रासायनिक मलका लागि मात्रै रु १८ अर्ब २३ करोड पाँच लाख ४६ हजार १२० बाहिरिसकेको छ । मन्त्रालयका सहप्रवक्ता टेकप्रसाद लुइटेलका अनुसार बिजुली नियमित आपूर्ति नहुने, लगानीको स्रोत नहुनुजस्ता कारणले स्वदेशमै कारखाना स्थापना हुन सकेको छैन । युरिया र डिएपी मलका लागि फरकफरक कारखाना स्थापना गर्नुपर्ने भएकाले पनि लगानी धेरै लाग्ने उहाको भनाइ छ । सरकारले आव २०५२/५३ देखि रासायनिक मलका अनुदान दिँदै आएको हो तर बीचमा केही समय बन्द भएको र पुनः २०६५ सालदेखि अनुदान कार्यक्रम सुचारु गरेको हो ।

मन्त्रालयका अनुसार आव २०६५/६६ मा रु ३६ करोड ६८ लाख १२ हजार १२६ बराबरको २२ हजार ४८४ मेट्रिक टन मल खरिद गरेको थियो । आव २०६६/६७ मा रु एक अर्ब ३७ करोड पाँच लाख १८ हजार २५९ बराबरको ८१ हजार ५९३ मेट्रिक टन मल आयात भएको थियो । त्यस्तै

चालु आर्थिक वर्षमा दुई लाख ४५ हजार मेट्रिक टन मल आयात गर्नका लागि रु पाँच अर्ब ७० करोड ९८ लाख विनियोजन गरिएको छ । चालु आर्थिक वर्षको वैशाख दोस्रो सातासम्म दुई लाख २१ हजार ९५ मेट्रिक टन मल आयात गरिएको छ । यसैगरी सरकारले आव २०६८/६९ देखि प्राङ्गारिक मलमा समेत अनुदानको व्यवस्था गर्दै आएको थियो । सो आवमा तीन हजार १३९ मेट्रिक टन प्राङ्गारिक मल खरिद गरेको थियो ।

आव २०६७/६८ मा रु दुई अर्ब ४६ करोड ८६ लाख २६ हजार ८०५ बराबरको एक लाख ३१ हजार ४७९ मेट्रिक टन मल आयात गरिएको थियो ।

यसैगरी आव २०६८/६९ मा रु तीन अर्ब १४ करोड ७८ लाख ५१ हजार ७४९ बराबरको एक लाख १२ हजार, १२६ मेट्रिक टन मल आयात गरिएको थियो । आव २०६९/७० मा रु पाँच अर्ब १७ करोड १८ लाख ३७ हजार १८२ को दुई लाख २० हजार ५४३ मेट्रिक टन मल आयात गरिएको थियो । त्यस्तै चालु आर्थिक वर्षमा दुई लाख ४५ हजार मेट्रिक टन मल आयात गर्नका लागि रु पाँच अर्ब ७० करोड ९८ लाख विनियोजन गरिएको छ । चालु आर्थिक वर्षको वैशाख दोस्रो सातासम्म दुई लाख २१ हजार ९५ मेट्रिक टन मल आयात गरिएको छ । यसैगरी सरकारले आव २०६८/६९ देखि प्राङ्गारिक मलमा समेत अनुदानको व्यवस्था गर्दै आएको थियो । सो आवमा तीन हजार १३९ मेट्रिक टन प्राङ्गारिक मल खरिद गरेको थियो । आव २०६९/७०मा एक हजार ८६१ मेट्रिक मल खरिद गरेको थियो ।

चालु आवमा १० हजार मेट्रिक टन प्राङ्गारिक मल खरिद गर्ने लक्ष्य रहेकोमा हालसम्म एक हजार ९०० मेट्रिक टन खरिद गरिसकेको छ । चीन, भारतलगातका मुलुकबाट मल आयात गर्ने गरिएको छ । नेपालका करिब ७० प्रतिशतभन्दा बढी मानिस कृषि पेसामा संलग्न रहेका छन् । मलका लागि अर्बौं रकम खर्च गरिने भए पनि कृषकले भने सधौ सास्ती भोग्नु परिरहेको छ । नेपालमा वार्षिक पाच लाख मेट्रिक टन रासायनिक मलको माग हुने गरेको छ ।

दश वर्षमा सय प्रतिशतले बङ्गुर बढ्दै

कञ्चनपुर । यहाँ घरपालुवा पक्षी हाँस र परेवा लोप भइरहेका छन् । दश वर्षको तुलनामा घरपालुवा पक्षीमध्ये हाँस र परेवा लोप हुँदै गएको जिल्ला तथ्याङ्क कार्यालय कञ्चनपुरले जनाएको छ । राष्ट्रिय कृषि गणना २०६८ को तथ्याङ्कअनुसार हाँस ८४ र परेवा ९५.६ प्रतिशतले घटेर क्रमशः ६७१ र ६७ मात्रै छन् । उचित बासस्थानको अभावका कारण कृषकले हाँस र परेवा पाल्न छाडेकाले कमी आएको जिल्ला तथ्याङ्क कार्यालयका प्रमुख नवराज पाण्डेले जानकारी दिए । हाँसका लागि पर्याप्त पोखरी र परेवाका लागि उपयुक्त बासस्थान, खानपान आदिमा बढी मिहिनेत कम उपलब्धि हुने भएपछि किसानले तिनलाई

पाल्न छाडेका छन् । लामो समयदेखि परेवा पाल्दै आएक बेल्डाँडीका महेन्द्र चन्दका अनुसार परेवा र हाँसको मासु औषधिका रूपमा लिइन्छ । साथै घरको शोभा बढाउनसमेत मानिसले आफ्नो घरमा सो पक्षी पाल्ने गरेका छन् ।

चन्दका अनुसार परेवाको मासु मटुरोगीका निकै उपयुक्त मानिन्छ । आर्थिक रूपमा फाइदा कम हुने र चोरीको समस्याका कारण परेवा पाल्न छाडिएको चन्दले बताए । यस्तै विसं २०५८ देखि यता घरपालुवा कुखुरा १४ र गाईगोरु ४.४५ प्रतिशले घटेका छन् । पन्ध्र लाख ४४ हजार दुई कुखुरा र पन्ध्र लाख ११ हजार २२ गाईगोरु छन् । यस्तै भेडा, बाख्रा, बङ्गुर र राँगाभैंसीको सङ्ख्यामा भने वृद्धि हुँदै गएको छ । भेडा ३२, बाख्रा ६२, राँगाभैंसी ४.२ र सबैभन्दा बढी बङ्गुर सबैभन्दा बढी १३८ प्रतिशतले बढेका छन् । हाल भेडा छ हजार ४५८, बाख्रा ११ लाख ३६६, राँगाभैंसी ५८ हजार ८४१ र बङ्गुर एक लाख २८ हजार १५ छन् ।

थोरै लगानीबाट बढी आम्दानी हुने भएपछि अधिकांश कृषकले व्यावसायिक रूपमा बङ्गुर पालेको जिल्ला तथ्याङ्क कार्यालयले जनाएको छ । बङ्गुरको मासुको माग बढ्दै गएपछि कृषकले बङ्गुर पाल्न थालेका हुन् । विगत वर्षमा यहाँका आदिवासीले मात्रै एक घरमा एक बङ्गुर पाल्थे, हाल व्यावसायिक रूपमा सबै समुदायले बङ्गुर पाल्न थालेपछि बङ्गुरको सङ्ख्या १० वर्षको अवधिमा बढेको हो । यहा हाल प्रतिक्विन्टल रु २० हजार बराबरमा बङ्गुरको कारोबार भइरहेको छ ।

मौरीमध्य एपिसमेलिफेरा जातको मौरी राम्रो

ललितपुर । व्यावसायिक रुपमा मौरी पाल्नका लागि एपिसमेलिफेरा उपयुक्त हुने विज्ञले बताएका छन् । विगतका वर्षमा खेती किसान र पशुपालन व्यवसायलाई अँगाल्दै आएका कृषक पनि आजभोलि मौरीपालन व्यवसाय गर्न आकर्षित भएका छन् ।



व्यवसायीलाई कुन मौरी व्यावसायिकरुपमा पाल्न राम्रो हुने भन्ने ज्ञान नहुँदा आवश्यताअनुरुप मह उत्पादन हुन नसकेको मौरीपालन विकास शाखा गोदावरीका प्रमुख साबित्री बरालले बताए । हाल नेपालमा एपिसेराना र एपिसमेलिफेरा दुई जातका मौरी व्यावसायिकरुपमा पाल्ने गरिएको छ ।

एपिसेराना परम्परागतरुपमा पालिने मौरी हो भने हाल आएर व्यावसायिक रुपमा एपिसमेलिफेराको पाल्ने क्रम बढेको छ । एपिसेराना लामो समयदेखि प्रचलनमा रहेको भएपनि एपिसमेलिफेरा जातको मौरी नेपालमा प्रयोग हुन थालेको २० वर्ष मात्र भएको छ । विसं २०५० मा भारतबाट ल्याएर व्यावसायिकरुपमा सुरु गरिएको हो । एपिसमेलिफेरा मौरीलाई पाल्नको लागि नेपालको भित्री मधेश र तराईमा उपयुक्त हुने मौरीपालन विकास शाखाका बाली संरक्षण अधिकृत सीताराम ढकालले बताए ।

उनका अनुसार सो एपिसेराना जातको मौरी विशेषगरी तराईको केही भाग र मध्यपहाडमा व्यावसायिकरुपमा पाल्ने गर्दछन् । ढकालले एपिसेराना जातको एउटा घारले एक वर्षमा २५ देखि ३० केजी मह उत्पादन गर्न सक्दछ भने एपिसमेलिफेरा जातको मौरीबाट एक वर्षमा ५० देखि ६० केजी मह उत्पादन हुने गरेको छ । परम्परागत घारमा एपिसमेलिफेरा मौरीलाई राख्दा मौरी अनुकूल नहुने भएकाले मह उत्पादनमा वृद्धि हुन सक्दैन ।

दुवै जातका मौरीले मह उत्पादन गर्ने मौसम असोज, कात्तिक, मङ्सिर, फागुन, चैत र वैशाख महिना रहेको र बाकी अन्य महिनामा फूलको अभावले गर्दा मह उत्पादन गर्न सक्दैनन् । प्रमुख बरालका अनुसार हाल नेपालमा मुडे र खोपाका घार अर्थात परम्परागत घारमा ६९ हजार १६८ गोला रहेको हुन्छ भने आधुनिक ६० हजार घार रहेको छ । परम्परागत एउटा घारमा २० देखि ३० हजार मौरी रहन सक्छ भने आधुनिक घारमा ५० देखि ६० हजार मौरी रहन सक्छ । ■



असारमा रोपेर मंसीरमा भित्र्याउला : असारमा रोपेर मंसीरमा भित्र्याउने पर्ने धानबालीका लागि बीउ राख्दै काठमाडौं डाँछीका वृद्ध किसान । तस्वीरः कृषि

कन्सल्टेन्सी छोडेर गोलभेंडा खेतीतिर

व्यवसायिक कृषिमा युवाहरुको आकर्षण बढ्दो छ, चाहे व्यवसायिक रुपमा गरिने तरकारी खेती होस् वा गाईपालन नै किन नहोस् युवा जमात् जानेर वा नजानेर कृषि पेशामा नै सन्तुष्टी हुने प्रयास गरिरहेका छन् । तर तिनै युवाहरुलाई राज्यका तर्फबाट सम्वोधन हुन सकेन भने देशकै माटोमा रमाउन चाहने युवा जनशक्ति फेरि पलायन नहोलान् भन्न सकिन्न ? विदेशबाट फर्कन युवा मात्र होइनन नेपालमा नै विभिन्न पेशा अंगालेर बसेका युवा जनशक्तिहरु पनि कृषिमा संलग्न त भए तर व्यवसायिक हुन नसकेको हो वा विचौलियाका कारण बजारीकरणको अभावका कारण हो व्यवसायिक खेती गर्ने धेरै युवाहरुमा पछिल्लो समय नैराश्यता छाउन थालेको देखिन्छ ।

अन्य पेशाबाट कृषिमा हाम्फाल्नेहरु निकै उत्साहित पनि देखिएको छ । त्यही उत्साहित युवा मध्ये तुलसा राई पनि एक हुन् । स्नातक अध्ययनसम्पन्न गरेकी तुलसा राई खोटाङ्गको कुभिण्डमा जन्मिएपनि उदयपुरमा हुर्किन । अध्ययनको शिलसिलामा काठमाडौं छिरेकी उनले भाषा कक्षादेखि कम्प्यूटर तालिम केन्द्रसम्म सञ्चालन गरिन् । त्यत्तिले मात्र पुगेन अझै राम्रो गर्नका लागि र केही अर्थोपार्जन गर्नका लागि विदेश पढन् जाने युवाहरुलाई लक्षित गरी कन्सल्टेन्सी समेत खोलिन् । पैसा राम्रै कमाई गरिन् तर तुलसालाई त्यसले मात्र सन्तुष्टि भएन पैसाले मात्र हुँदैन भन्ने मनमा लाग्यो र उनले केटाकेटी देखि नै कृषिबाट पैसा कमाउने जुन लक्ष्य थियो त्यही गर्नु पर्दछ भनेर चटक्कै कन्सल्टेन्सी छोडेर गोलभेंडा खेती गर्न तालीम लिन पुगिन् ।

तीन दिनको ३ हजार तिरेर उनले गोलभेंडा खेती गर्ने तालिम लिइन् र शुरु गरिन् श्रृजना जातको गोलभेंडा खेती । विगत २ बर्षदेखि डाँछीमा ९ रोपनी जग्गा भाडामा लिएर उनले व्यवसायिक रुपमा तरकारी खेती शुरु गरिन् । टनेल प्रविधिमा गोलभेंडा, सँग, काउली, बन्दा लगायतका तरकारी शुरु गरेपछि पहिलो बर्षमा नै करिव ८ लाख रुपैयाँ बराबरको विक्री भएपछि उनी अझै उत्साहित भईन् । टनेल, श्रमिक ज्याला, वीउ, मल लगायत सवै गर्दा १३ लाख खर्च गरेर एकै बर्षमा ८ लाख आम्दानी भएपछि कन्सल्टेस्सी भन्दा तरकारी खेतीमा उनको मोह बढेको बताउँछिन् । कन्सल्टेन्सीमा बसी बसी पैसा आउछ नि भन्ने प्रश्नमा उनी भन्छिन् बसी बसी त आउँछ तर विदेशमा विद्यार्थी स्वयंका कारण आफूहरुले हरेक दिन कुनै न कुनै तनाव लिईरहनु पर्ने बताउछिन् । अरुको तनाव लिनु भन्दा माटोमा नै खेलेर त्यो भन्दा बढी रकम कमाउन सकिने भएपनि किन तनाव वोक्नु तुलसाको भनाई रहेको छ ।

कृषि व्यवसाय गर्दा शारीरिक कठिनाई त हुन्छ तर त्यसबाट आफूले धेरै नै आनन्द लिएको बताउदै तुलसा भन्छिन् मेहनत र लगनशील हुने हो भने स्वदेश वा विदेशमा रोजगारीका लागि भौतारिनु पर्दैन । तरकारी खेतीबाट राम्रो आम्दानी गर्न सकिने रहेछ कन्सल्टेन्सी भन्दा पनि राम्रो आम्दानी गरिरहेको उनी बताउँछिन् तर व्यवसायिक तरकारी खेती गर्नेहरुका लागि एउटै समस्या बजारीकरणको रहेको छ । आफैले बजारमा लान पनि नसकिने विचौलियाले लिएर जाँदा उपभोक्ताले महंगोका किन्नु पर्ने वाध्यता छ । न त व्यवसायी फस्टाउन सक्यो न त उपभोक्ताले नै सस्तो मूल्यमा खान पायो । बरु सरकारले बजारीकरणका लागि सहज वातावरण बनाईदिने हो भने अझ कृषिमा लगानी गर्नेहरुको संख्या बढ्ने उनी बताउछिन् । बिषादी मुक्त तरकारी उत्पादन गर्नका लागि आफूले अव गाईपालन मार्फत प्रांगारिक मलको मात्र प्रयोग गर्ने सोच राखेको छिन् । त्यसका लागि उनले लगानीका लागि सहयोगी समेत फेला पारेर ३० रोपनी जग्गा भाडामा लिएर फार्म बनाइरहेको बताउँछिन् । शिक्षित महिलाहरु पनि अन्य रोजगारीका लागि भौतारिनु भन्दा तुलसा राईकै सिको गरेर आफ्नै माटोमा रमाउन सक्ने हो भने नेपाली कृषिलाई व्यवसायिक बनाउने मात्र होइन कृषि पेशालाई मर्यादित पेशा बनाउन समेत सफल हुन सकिन्छ ।

कृषि विकास बैंकले ३१.५८ प्रतिशत लाभांश दिने

काठमाडौं । कृषिमा लगानी गर्ने उदेश्यले स्थापित भएको नेपालको पुरानो वैंकका रुपमा परिचित कृषि विकास बैंकले आर्थिक वर्ष २०६९/०७० सम्मको संचित मुनाफाबाट साधारण शेयरधनीहरुलाई ३१.५८ प्रतिशत (एकतीस दशमलव पाच आठ) प्रतिशत लाभांश दिने भएको छ । नेपाल अधिराज्यभर २४१ वटा कार्य सञ्जाल भएको सो बैंकका शेयरधनीहरुलाई यस लाभांशले उत्साहित बनाएको कृषि विकास वैकले जनाएको छ ।

नेपालमा विद्यमान सरकारी बैंकहरुमध्ये कृषि विकास बैंक लि. ले प्रदान गर्न लागेको यो लाभांश रकम सवभन्दा उच्च विन्दुमा रहेको र नेपालमा सवैभन्दा बढी करिव दुई लाख बाह्र हजार शेयरधनीहरु यस लाभांशबाट लाभान्वित भएको पनि वैकले जनाएको छ । काठमाडौंमा सम्पन्न बैंकको सातौं वार्षिक साधारण सभाले आर्थिक वर्ष २०६९/०७० को सञ्चित मुनाफाबाट उक्त लाभांश दिने निर्णय पारित गरेको हो ।

बैंक सञ्चालक समितिका अध्यक्ष प्रमोदकुमार कार्कीले उक्त साधारणसभामा बैंकको आ.व. २०६९/०७० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आर्थिक वर्ष २०६९/०७० मा कुल सञ्चालन आम्दानी आर्थिक वर्ष २०६८/०६९ को तुलनामा १२.२२ प्रतिशतले वृद्धि भई रु. ५ अर्व ३६ करोड पुगेको र आर्थिक वर्ष २०६९/०७० मा खुद मुनाफा आर्थिक वर्ष २०६८/०६९ को तुलनामा २४.४६ प्रतिशतले वृद्धि भई रु. २ अर्व २९ करोड पुगेको बताए । आर्थिक वर्ष २०६९/०७० आषाढ मसान्तमा निक्षेप रकममा २५.९२ प्रतिशतले वृद्धि भई निक्षेप रकम रु.५४ अर्व ४८ करोड कायम रहेको छ भने आर्थिक वर्ष २०६८/०६९ आषाढ मसान्तमा उक्त रकम रु.४३ अर्व २६ करोड रहेको थियो ।

एशियाली विकास बैंकको अनुदान सहयोगमा अत्याधुनिक प्रविधिसहितको कोर बैंकिंग प्रणाली ९६ वटा कार्यालयमा जडान भई निक्षेप कारोवारतर्फ कुल कारोवार रकमको करिव ९० प्रतिशत र कर्जा कारोवारतर्फ कुल कर्जा कारोवार रकमको साठी प्रतिशत कार्य अनलाइन सेवाबाट उपलव्ध गराइएको, १६ वटा कार्यालयबाट ए.टी.एम. सेवा सञ्चालन, एडीबीएल रेमिट र अन्य नौ वटा एजेन्सी रेमिटसाग सहकार्य गरी १८१ वटा कार्यालयहरुबाट अनलाइन विप्रेषण सेवा प्रदान गर्दै आएको समेत वैकले जनाएको छ । १२ वटा कार्यालयबाट वैदेशिक मुद्रा र २६ वटा कार्यालयबाट प्रतीतपत्र कारोवार, सुनचांदी कर्जा तथा सुन बिक्री, ट्रष्ट रिसिप्ट कर्जाका साथै बैंकले हालै सरल कृषि कर्जा कार्यक्रम ल्याई विदेश पलायन भैरहेका युवाहरुलाई स्वदेशमै योगदान गर्न उत्प्रेरण समेत गरेको छ ।

प्रतिस्पर्धी बैंकिंग बजारमा यस बैंकले पनि आफ्नो स्रोत तथा साधनको अधिकतम उपयोग गर्दै प्रतिस्पर्धाको सामना गर्न सक्षम रहेको वैकद्धारा जारी विज्ञप्तिमा जनाइएको छ । बैंकको विद्यमान कर्जाको गुणस्तरमा निरन्तर सुधार, आम्दानीको स्रोत विस्तार र खर्चको उचित व्यवस्थापन गर्दै बैंकको मुनाफामा उत्साहजनक वृद्धि गरी शेयरधनीहरुलाई उचित प्रतिफल उपलव्ध गराउने बैंकको उद्देश्य रहेको वैंकद्धारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारमा नजान युवाहरूलाई किसानकी आमाको आग्रह

काठमाडौं । किसानकी आमा अष्ठकुमारी श्रेष्ठले युवालाई वैदेशिक रोजगारमा नजान आग्रह गरेकी छिन । भक्तपुरकी ७० वर्षीया आमा अष्ठकुमारीले जमिन क्रमशः बाँझो हुँदै गएकाले युवालाई विदेश जानबाट रोक्न नीति निर्माताहरूसाग आग्रह गरेको हो । राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको प्रथम राष्ट्रिय महाधिवेशनमा उनले पुराना कुरा सम्झाउदै कृषिको उन्नति र प्रगति बिना देशको विकास नहुने अनुभव सुनाउइन । हाल नेपालबाट वैदेशिक रोजगारमा जाने नेपालीहरूको सङ्ख्या दैनिक बढिरहेका अवस्थामा एक बयोवृद्ध आमाको सो भनाइले आम नेपालीलाई सोच्न बाध्य पारेको छ ।

वैदेशिक रोजगार विभागको पछिल्लो तथ्याङ्कअनुसार वैदेशिक रोजगारमा जाने नेपालीको सङ्ख्या २० लाख नाघेको बताइन्छ । कार्यक्रमका प्रमुख अतिथिसमेत रहेकी अष्ठकुमारीले भक्तपुरको खेतीयोग्य जमिनसमेत क्रमशः खेतीपाती नगरेर प्लटिङ गरी बाझो राख्नेक्रम बढेको बताइन । मुलुकभरका २५ जिल्लाका ३३५ कृषक समूहका करिब छ हजार ७०० साना किसान आज काठमाडौंमा भेला भई उत्पादन गर्न पाउनेले वस्तुको मूल्य निर्धारणसमेत गर्न पाउनुपर्ने धारणा राखेका थिए । कार्यक्रममा राष्ट्रिय कृषक समूह महासङ्घका अध्यक्ष उद्धव अधिकारीले उत्पादन गर्ने किसान वर्गको हितमा स्थापित कृषि विकास मन्त्रालयका लागि राज्यले ३४ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने, उत्पादित वस्तुको मूल्य किसान स्वयम्ले राख्न पाउनुपर्ने धारणा राखेका थिए ।

बैतडीका अगुवा कृषक जनक चन्दले माटोको गन्ध बुझ्ने व्यक्तिमात्र किसान भएको बताउँदै जमिन बाझो राख्नेलाई कानुनी दायरामा नल्याएसम्म कृषि क्रान्ति असम्भव हुने जिकिर गरे । कालिकोटका अगुवा कृषक मायाराम महतराले नेपालको कृषि क्षेत्रको दिगो विकासका लागि चुरे क्षेत्रको संरक्षण अत्यावश्यक भइसकेको बताए । राष्ट्रिय भूमिअधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीले मुलुकका ९० प्रतिशत जनता ग्रामीण क्षेत्रमा आबद्ध रहेकाले उनीहरूलाई गोलबद्ध बनाई बाँझो भूमिमा खेती गर्न पाउने अधिकारको सुनिश्चितता प्रदान गर्नुपर्ने बताए । मुलुकमा करिब ३५ प्रतिशत जग्गा बाँझो भएको प्रारम्भिक अनुमान गरिएको छ ।

किसानहरू रेशमखेतीतर्फ आकर्षित

चितवन । जिल्लामा रेशमखेती तर्फको आकर्षण फेरि बढ्न थालेको छ । खेती गर्ने तरिका परिवर्तन गरेर सरकारी तवरबाट अनुदान बढाएपछि यसतर्फ किसानको आकर्षण बढ्न थालेको हो । चितवन र मकवानपुर जिल्लालाई हेर्दै आएको किम्बु नर्सरी व्यवस्थापन केन्द्र भण्डाराका अनुसार २०५८/०५९ सालसम्म दुई जिल्लामा १०० हेक्टरभन्दा बढी क्षेत्रमा किम्बुखेती गरिन्थ्यो । यसबाट त्यति राम्रो आम्दानी हुने नदेखेपछि क्रमशः यसतर्फको आकर्षण घट्दै जाँदा अघिल्लो आर्थिक वर्ष जम्मा ७० हेक्टरमा मात्र किम्बुखेती गरिएको केन्द्रका प्रमुख मेघनाथ तिमल्सिनाले बताए । रेशमखेती गर्ने तरिका परिवर्तनसँगै गएको आर्थिक वर्षमा पाँच हेक्टर र यस वर्ष १० हेक्टर क्षेत्रफल थपिएको उनले बताए ।

पहिले नेपाल सरकार र विभिन्न परियोजनाले अनुदान दिए पनि पछिल्लो समय अनुदान घट्नु, वैदेशिक रोजगारतर्फको आकर्षण बढ्नु लगायतका कारण किम्बुखेतीतर्फको आकर्षण घटेको केन्द्रको भनाइ छ । अघिल्लो वर्षदेखि अरु खेती नहुने बारी, खेतको आली, घाँस लगाएको बारीको डिल, माछापोखरीको डिल लगायतका खेर गएको ठाउँमा किम्बु लगाउन थालिएको, रेशमको कोयाको मूल्यमा वृद्धि भएको र सरकारी अनुदान बढेसँगै यस खेतीतर्फ आकर्षण बढेको कृषक बताउँछन् । रु २७५ प्रतिकिलोमा बिक्री हुँदै आएको कोयाको मूल्य रु ३७५ पुगेको छ भने सरकारले किम्बुका बिरुवामा आधा छुट र अन्य सामग्री निःशुल्क दिँदै आएको छ । चितवनको कल्याणपुर र अयोध्यापुरी एवम् मकवानपुरको सरीखेत, बुढीचौर र निबुवाटारमा रेशमखेती गरिँदै आएको छ । चितवनमा ७० जना र मकवानपुरमा ५० जना यो खेतीमा लागेका छन् । हाल वार्षिक रुपमा चितवनमा चार टन र मकवानपुमा तीन टन कोया उत्पादन हुँदै आएको केन्द्रले जनाएको छ । पछिल्लो समय रेशमखेतीलाई दूध र रेशम, माछा र रेशम लगायतका नाराबाट कृषकको आकर्षण बढाइँदै आइएको छ ।

पर्यटकीय क्षेत्रमा जग्गा चाहिएमा

शंखमूल भएको मकवानपुर जिल्लास्थित पर्यटकीय एवं मनमोहक क्षेत्र दामनमा घर, होटल, रिसोर्ट, फलफूल, तरकारी खेतीका लागिसमेत जग्गा चाहिएमा तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क

रामहरि कार्की
शिखरकोट, ९८०७२९४८९२

सन्तोष गौतम
काठमाडौं, ९८५१०६९०२९

प्राकृतिक रेशाजन्य वस्तु विकास केन्द्रको स्थापना

पर्वत । नेपालकै एकमात्र प्राकृतिक रेशाजन्य वस्तु विकास तालिम केन्द्र पर्वतमा स्थापना भएको छ । नेपालभर हाल भइरहेका सिप र प्रविधिमा सञ्चालित रेशाजन्य उद्यमको उच्चस्तर कायम गर्नका लागि केन्द्र स्थापना गरिएको घरेलु तथा साना उद्योग विकास समितिले जनाएको छ ।

तालिम केन्द्रमा पर्वतलगायत आसपासका जिल्ला र शङ्खुवासभा, सोलुखुम्बु रुकुम, रोल्पा, हुम्ला, डोल्पा, बझाङ, बाजुरा, दार्चुलालगायतका परम्परागत सिपको आधारमा रेशाजन्य वस्तुको प्रशोधन गरी कपडा तयार गर्ने गरिएको जिल्लाका उद्यमीलाई आधुनिक प्रविधि सिकाइने भएको छ । तालिम केन्द्रमा नेपालमा पाइने रेशाजन्य वस्तुबाट निर्मित कोटका कपडालगायत अन्य कपडा बनाउनका लागि दक्ष व्यक्ति उत्पादन हुने वरिष्ठ उद्योग अधिकृत शिवशङ्कर बानियाले जानकारी दिए । उनका अनुसार अल्लो, केराको बोट, केतुकीलगायत रेशाजन्य वस्तुको प्रशोधन, धागो निर्माण, रङ्गाइ, र कपडा बुनाइ लगायतका तालिम दिइने छ । केन्द्रमा हरेक वर्ष सञ्चालन हुने तालिममा वार्षिक रूपमा २० जनालाई सहभागी गराइने भएको छ ।

तालिम केन्द्रका लागि एक जना नायब सुब्बासरहको प्राविधिक कर्मचारीसमेत खटाइसकिएको छ । उक्त तालिम केन्द्रका लागि चालु आर्थिक वर्षमा रु २४ लाख बजेट स्वीकृत भई आइसकेको र त्यसबाट आवश्यक काम सुचारु भएको कार्यालय प्रमुख बानियाले जानकारी दिएका छन् । तालिम केन्द्र सञ्चालन पश्चात् उक्त पेसामा लागेका उद्यमी थप व्यावसायिक बन्ने भएका छन् । अहिले पर्वत जिल्लामा पनि दुई दर्जनभन्दा बढी व्यावसायिक उद्यमी अल्लो प्रशोधन गरेर विभिन्न किसिमका कपडा तयार गर्दै आएका छन् । अहिलेसम्म परम्परागत रूपमा आफ्नो व्यवसाय धान्दै आएका उद्यमीले उक्त तालिम पश्चात् आधुनिक प्रविधिमा कपडा बुन्न सक्ने भएका छन् ।

आधुनिक मेसिन र प्रविधिको प्रयोग गर्दा थोरै समयमा धेरै बुन्न सकिनुका साथै आम्दानीसमेत हृवात्तै बढ्ने बताइएको छ । पछिल्लो समयमा अल्लोलगायत रेशाजन्य वस्तुबाट निर्मित कपडाप्रति आकर्षण बढिरहेका बेला उक्त तालिम केन्द्र सञ्चालन हुनुले उद्यमीलाई ठूलो राहत मिलेको छ । सैबीच उक्त केन्द्रको शनिबार पर्वतका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद ज्ञवालीले उद्घाटन गरेका छन् । सो अवसरमा बोल्दै ज्ञवालीले वनजङ्गलमा खेर गइरहेका प्राकृतिक वस्तुलाई समुचित उपयोग गर्न सकिने भएकाले यस्ता तालिम केन्द्रको आवश्यकता रहेको बताए ।

मिल बन्दपछि उखु किसान आन्दोलित

बर्दिवास । महोत्तरी जिल्लाको रामनगरस्थित एभरेष्ट सुगर एन्ड केमिकल इन्डष्ट्रिजले उखु कटान र क्रसिङ बाँकी हुँदै उद्योग बन्द गरेपछि जिल्लाका उखु उत्पादक किसान आन्दोलित भएका हुन् । यसपालि गत पुस १६ गते चिनी उत्पादन सुरु गरेको इन्डष्ट्रिजले उखु खेतबारीमा बाँकीछँदै एकाएक उद्योग बन्द गरेपछि आफूहरूको बिचल्ली भएको आन्दोलनमा उत्रेका किसानको गुनासो छ ।

उखु काटेर पुऱ्याउन ठिक्क पारेका बेला एक्कासि उद्योग बन्द भएको सुनेपछि जिल्लाको सुदूरदक्षिणी क्षेत्रको भारतीय सीमावर्ती नौ गाविसका किसानले जलेश्वर सम्सी सडकको भोलही गाउँमा सडकमै उखु लोड गरिएको टायरगाडा राखेर दुई दिनदेखि सडकजाम जारी राखेका छन् । वर्षभरि घरपरिवारको लालनपालन गर्नुपर्ने बाली खेतमै सुकेपछि आफूहरू पनि सडकमा सुत्नुको विकल्प नरहेको इटहर्वाकट्टी–३ का किसान सुनिल यादवले बताए । उद्योग बन्द भएलगत्तै गत शुक्रबारदेखि नै आन्दोलित भएका किसानले उखु लोड गरिएका ९६ वटा टायरगाडा तेर्स्याएर सडक जाम गरेका छन् । आन्दोलित किसानले जलेश्वर-सम्सी-गौशाला रुटमा चल्ने दुईवटा बससमेत कब्जामा लिएका छन् । उखु तौल र क्रसिङ नगरिए आ□ना सम्पूर्ण परिवारसहित उद्योगको मुख्यद्वारमा अनशन बस्ने तयारी रहेको उखु किसानको भनाइ छ ।

उद्योगको भोलहीस्थित उखु आपूर्ति समिति उपकेन्द्रले उखु कटानपुर्जी दिएपछि काटेको उखु उद्योगले तौलन नमानेपछि आफूहरूको बिल्लीबाठ भएको पोखरभिण्डासग्रामपुरका किसान रामछबिला रायले बताए । पछिल्ला दुई दिनमा काटिएको उखुमात्रै रु ५० लाखभन्दा बढी मूल्यको रहेको किसानको भनाइ छ ।

यसैबीच जिल्लाको उत्तरी क्षेत्रका उखु किसानले पनि बर्दिवासमा भेला गरेर आन्दोलन सुरु गरिने जनाएका छन् । यता इन्डष्ट्रिजले भने अब उखु क्रसिङ हुनै नसक्ने बताउँदै आएको छ । चर्को गर्मीको मौसमीय प्रतिकूलताका कारण अब उखु क्रसिङको सम्भावना नरहेको इन्डष्ट्रिजका प्रबन्धक नवलकिशोर चौरसियाले बताए । यसपालि लक्ष्यभन्दा बढी ५७ लाख क्विन्टल उखु क्रसिङ गरिएको उद्योगले जनाएको छ ।

जिल्लामा लगाइएको १३ हजार हेक्टर क्षेत्रफलको मुडन उखु (पहिलो वर्ष लिइने उखु बाली) मध्ये करिब पाँच हजार हेक्टरको उखुबाली क्रसिङ हुन बाँकी रहेको उखु उत्पादक किसान महासङ्घले जनाएको छ । महोत्तरी जिल्लामा यसपालि खुट्टी (दोस्रो वर्ष लिइने उखुबाली) र मुडन गरी करिब २६ हजार हेक्टरमा रहेको उखुबालीमध्ये पाँच हजार हेक्टरको उखुबाली खेतबारीमै ठाडो रहेको महासङ्घले जनाएको छ । यसैबीच जिल्लाका प्रमुख जिल्ला अधिकारी रविलाल पन्तले किसानको समस्याबारे उद्योग र उपल्लो तहमा सरसल्लाह भइरहेको जानकारी दिएका छन् ।

सयपत्री फूलको खेती गरेर मासिक रु २० हजार

सिरहा । अहिले खाडी मुलुक उड्ने युवाको सङ्ख्या बढ्दै गएको छ । तर परिश्रम गरे आफ्नै ठाउमा सुन फलाउन सकिन्छ भन्ने उदाहरण बनेका छन्, धनगढी-२ जिरोमाइलका ३१ वर्षीय रामकुमार चौधरी । उनि सयपत्री फूलको खेती गरेर मासिक रु २० हजारसम्म आम्दानी गरिरहेका छन् । पूर्व-पश्चिम राजमार्गकै छेउमा चौधरीको कपिलदेव नर्सरी छ । उक्त नर्सरीको दुई कट्ठा जग्गामा विगत नौ वर्षदेखि सयपत्री फूलखेती गरेर उत्पादन गरी बिक्री वितरण गर्दै आएका छन् । उनले भने, "सुरुमा खेती गर्दा कारोबार गर्न सकिन्न तर पनि खेतीलाई निरन्तरता दिएा, लगानी काटेर अहिले महिनाको करिब रु १५ देखि २० हजार आम्दानी भइहाल्छ ।"

विवाह लगनको दिन उनिको नर्सरीमा फूल खरिद गर्नेहरूको घुइचो नै लागेको हुन्छ । बेहुलाको गाडी सजाउन र विवाह हुने ठाउँ सजाउन सयपत्री फूलको बढी प्रयोग हुन्छ । उनले बेहुलाले चढ्ने गाडी फूलले सजाउन रु तीन हजार लिन्छन् । उनले भने, "फूलले गाडी सजाउने सिप पनि सिकेको छु । फूलले सजाउन गाडी हेरेर रु दुई हजार ५०० देखि रु तीन हजारसम्म लिने गर्छु ।" लगन तेज भएको दिन सयपत्री फूलले गाडी सजाउन भिड भएका कारण हम्मेहम्मेपर्ने गरेको उनको अनुभव छ । विगत लामो समयदेखिमात्र दुई कट्ठामा सयपत्री फूलखेती गर्दै आएका चौधरी यो वर्ष थप सात कट्ठा जग्गामा गर्ने योजना बनाएका छन् ।

उनले आगामी दसैं र दिपावलीलाई लक्षित गर्दै फूलखेती गर्न थप सात कट्ठा जग्गा खनजोत गरेर तयार पारेका छन् । असार अन्तिम हप्ता फूल लगाउने र असोजको दोस्रो साताबाट फूल फूल्न थालेपछि दसौ र दिपावलीमा बिक्री गर्ने सुनाऐ । उनले सिरहामा व्यावसायिक फूलको खेती गर्ने चौधरी पहिलो व्यक्ति भएका छन् । पहिले दुई/तीन वर्ष लगातार घाटा लागेको भन्दै चौधरीले भने, "कुनै पनि काम गर्दा हतारिनु हुदैन । मैले खेतीलाई निरन्तरता दिएा ।

अहिले भइरहेको आम्दानीबाट सन्तुष्ट र खुसी छु । "आफ्नो देश तथा घरमा बसेर मिहिनेत नगरी पैसा कमाउन खाडी मुलुक जाने प्रवृत्ति रोक्न सरकारले चासो देखाउनुपर्ने चौधरी भन्छन्, राज्यले युवा किसानको समस्या बुझेर कृषि क्षेत्रमा लगानी गऱ्यो भने केही हदसम्म बेरोजगारी समस्या समाधान हुने उनको भनाइ छ । "जति मिहिनेत विदेशमा गएर गर्छन्, त्यति मिहिनेत यहा गऱ्यो भने त्यहाँको भन्दा बढी पैसा यहीँ कमाउछन्", उनले भने "तर सोच परिवर्तन हुनु जरुरी छ । र राज्यले पनि चेतनामूलक कार्यक्रम गर्नुका साथै रोजगारको वातावरण बनाउन थोरै भए पनि अनुदानको व्यवस्था गर्न जरुरी छ ।"

प्रांगारिक तरकारीको माग बढेको बढै छ : पछिल्लो समयमा युवाहरु व्यवसायिक तरकारी खेतीमा आकर्षित हुन थालेका छन् , त्यसैले त काँठ क्षेत्रमा टनेल प्रविधि बढ्दै गईरहेको छ । तस्वीरः कृषि

Antibiotic Resistant Bacteria in Eco-environment :Public health concern

Dr.Kedar Karki

Background: Antibiotics are compounds produced from microorganism like bacteria,fungi,and actinomycetes,which have inhibitory effect against other bacteria and fungi.With the discovary of the first antibiotic penicillin by Alexzander fleming in 1920 and subsequent use for the treatment of bacterial infections antibiotics were hailed as magic bullets for their ability to control infections and true to that they successfully cured many dreadful infectious diseases thus increasing human life expectancy.

Since the discovery of penicillin,many other anbiotics with inhibitory actions against a wide variety of microorganizms have been discovered.In addition to natural antibiotics many semi-synthetic deravatives and synthetic antimicrobial agents have been developed for the treatment of of infections.Antibiotics acts on bacteria by a variety of mechanisms like inhibition of cell wall synthesis,inhibition of protien synthesis,interfering with DNA replication to distrupt the microbial metabolism.

Antibiotics are not used only in humen but also in animal health and production.Widespreas use of antibiotic has led to the emergence of antibiotic resistant bacteria in the environment which is a matter of great concern for public health workers.Emergence of antibiotic resistant bacteria is a global problem and this is increasing so fast that there is a real threat to going back to the pre-antibiotic era.

Use of Antibiotics in animal health and production: Soon after the use of antibiotic in human health it was introduced into veterinary medicine to treat microbial infections of animals.Now a days antibiotics have formed a formidable part of the veterinarian's arsenal for the treatment of of various infectious or even noninfectious diseases and enabling in part to meet the food requirements of the increasing human population.Almost all the major antibiotics that are prescribed for humans are also used in veterinary practics.In animals antibiotics are used not only to treat the infectious diseases,but also to augment animal production like growth promotors.As growth promotors antibiotics help in rapid weight gain up to 50% or more without increase in feed consumption enabling animals to reach market weight early.How antibiotic exactly help in weight gain is not clear but it is assumed that these compound interfere with gut microflora leading to better absorption of food.

For use as growth promotors antibiotics are administered to animals quite below recomended therapeutic levels and are supplied mainly through feed,occasionally through water.When administered as feed more than 80% of the antibiotic is excreted out through the faeces or urine.This sub-therapeutic use of antibiotics as growth promotors has emerged as a major factor contributing towards development and spread of antibiotic resistant bacteria.This commensal microflora of food animals serving as a reservoir of resistance traits spreading to commensals and pathogenic microbs of human being.

Emergence and spread of antibiotic resistance bacteria: When administered at sub-therapeutic levels antibiotics are not at a concentration high enough to inhibit disease causing bacteria but rather by selection prrssure this leads to emergence of antibiotic resistant bacteria.Selective pressure for resistance as well as spread of resistance among bacterial population is influenced by a purpose,dose,duration and rout of administration of antibiotics.Development of resistance by selective pressuer is because bacteria are capable of servival in adverse physiological conditions by changing their genetic make-up to adjust to a new environment employing a variety of mechanisms like production of antibiotic degrading enzyme,overproduction of target molecule;efflux pump to drain out antibiotics;altered permeability.In this way antibiotics select only antibiotic resistant bacteria which divide rapidly and outgrow sensitive and useful bacteria in gut.Antibiotic resistance genes could be present on bacterial chromosomes or on plasmids.Once acquired antibiotic resistance genes spread very fast to other bacteria through all known means of genetic exchang like commonly by conjugation,naked gene uptake,mobile genetic elements.These genetic exchanges among bacteria are fairly common and it could be inter-species,inter or intra-genetic.From animals antibiotic resistant bacteria find their way to the environment when manure from farms using antibiotics as growth promotors is applied to agricultural land.Once in the soil antibiotic resistant bacteria exchange their genetic information with native soil microflora including pathogenic ons where as residual antibiotics in manure provide an environment for enrichment of antibiotic resistant bacteria.From such agricultural lands often these antibiotics and antibiotic resistant bacteria find their way to nearby streams or river by leaching or through surface runoff because of rain.Such soils,contaminated water and agricultural produce from these lands are the major sources of antibiotic resistant bacteria finding their way to the our food chain.Many pathogenic bacteria previously sensetive to an antibiotic could acquire resistance by these means posing threat to human and animal health.

Public Health Concern: Development of antibiotic resistant bacteria is a matter of cocern from both human as well as animal health points of view.Disease caused by antibiotic resistant bacteria are difficult to treat because of longer diagnosis time,high treatment costs and often prove to be life threatening.That's why even after costly treatment in reputed nurshing home when patient dies off their relatives vandalize these establishment in our country.

Since most of antibiotics which are used as growth promotors in animals are structurelly related to those for use in human medication and development of resistance against these leads to cross-resistance against those antibiotics which are exclusively for human use.Beside cross-resistance microbes which cause diseases in humans are acquiring resistance genes from these environmental gene pools of bacteria.Already infections caused by these antibiotic resistant microbes are on the rise in human beings. For example hospital borne MARSA(Multidrug resistant Staphylococcus aureus)are now common even in developed countries where good post-oprative care is taken.In our own context last year's hospital borne infection in Thapathali maternity hospital in delivary room had not created a havoc. Infections by Multidrug resistant Staphylococcus aureus are very difficult to treat as strain of S.aureus have reported to have high resistance levels to methicillin once which was used to be considered as most effective antibiotic against such infection.Similarly emergence of Vancomycin resistant Enterococci is causing cooncrn among scientefic communities as vancomycin is the last known antibiotic to treat infections by Enterococcus fecalis.According to one report its one isolate was found to be resistant to ciprofloxacin a wide spectrum antibiotic used in human medicine.Possible source of development of this resistance has been related to use of a structurally related antibiotic enrofloxacin commonly used as a growth promotor as well as for treatment of every kind of illness in poultry.Which is most common in our poultry farming. Beside human pathogens many microbial pathogens causing diseases in animals like Salmonella,Compylobacter,E.coli,Pasurella have acquired resistance genes causijng difficulties in treatment of such infections posing a threat to livestock worldwide.Alarmed by the high levels of antibiotic resistane many preventive measures have been initiated around the globe to limit the use of antibiotics as growth oromotors.Since 2000 many member counties of Europian Union as well as United State of America have imposed ban on use of antibiotic like virginamycin and enrofloxacin as growth promotor in livestock and poultry thats why this antibiotics are abandently find in our country's city to remote region located agrovets.

Conclusions: Emergence of antibiotic resistant bacteria that could infect humans directly or by transfer of resistant genes to human pathogenes is the main cause of concern regarding the use of antibiotics in animals.It is important therefor to have discussion among medical and veterinary practitioners for the proper use of antibiotics in animals as well as people.Education of farmers and veterinarians in this regard aswell as adherence to codes of practics is the need of hour.Also there is need to establish the use of antibiotics according to the species of animals in which they are used.It is also time to think about alternatives to use of antibiotics in food animals like improved management practices that reduce the likelihood ofspread of resistance from farm to field and spread of infectious diseases.The major thrust of such practics could be to follow quarantine and other biosecurity measures and vaccination particularly against the viral diseases that induces secondary bacterial infections.Other important factors could be like genetic selection to inhance disease resistance,use of antiseptics such as teat deeping to prevent mastitis,vector control and use of probiotics to exclude pathogens.Alarmed by the pace of spread of resistance developed countries have iniciated work to stop misuse of antibiotics in animal health and production.Many working groups and commities of scientists,lawmakers,and farmers have been formed to assess the threat posed by these antibiotic resistant bacteria and to suggest remedial actions.The need to improve antimicrobial use in agriculture;ecological and human health consequences following steps need to be undertaken:

1:Antibiotics should not be used in agriculture,livestock and poultry in the absence of diseases.

2:Antibiotics should be administered to animals only when prescribed by qualified veterinarians.

3:Quantitative data on antimicrobial use in agriculture, livestock and poultry should be made available to form public policy.

4:The ecology of antimicrobial resistance should be considered by regulatory agencies in assessing human health risk associated with antibiotic use in agriculture, livestock and poultry.

5: Serveillance programmes for antibiotic resistance should be improved and expanded.

6: The ecology of antibiotic resistance in agriculture, livestock and poultry should be a research priority in national programmes. ■

कृषि नीतिबारे....

क्षेत्रमा संस्थागत रूप धारण गरि सकेको छ । एक प्रकारले यी धमिराहरू सत्तालाई कब्जा गरेर बसेका छन् । विनियोजित रकमलाई चाट्ने आफनो परम्परागत संस्कारका कारण वर्षेनी लक्षित उद्देश्य अधुरो रहने, देश आर्थिक संकटमा डुब्दै जाने खतरासंग यी धमिराहरूको कुनै मतलव पनि हुँदैन ।

देश जति संकटग्रस्त भयो, दातृ राष्टूहरू सहयोग गर्न त्यतिनै सक्रिय रहन्छन् र धमिराहरू पोषिलो खाना पाउाछन् । यही उद्देश्यमा सिमित रहेको सरकारी नीति र संयन्त्रले कृषिक्षेत्रमा खरबौंको बजेट रहँदा पनि दशकौंमा केही प्रगति गर्न सकेको छैन । संकटग्रस्त अवस्थामा नै वैदेशिक सहयोग प्राप्त हुने र आफनो भरण पोषण हुने परम्परागत संस्कारबाट प्रेरित सरकारी संयन्त्र देशमा उल्लेख्य विकास हुन नदिन बाधक छ । राष्टूय नीतिलाई नै बदनाम गरि असफल पार्ने यी कर्मचारीहरूलाई अख्तियारले भ्रष्टाचारमा समातेर थुन्दा पनि भ्रष्टाचार गर्ने संस्था भने डराएको छैन । उ अहिले पनि अख्तियारलाई चुनौती दिन चट्टान झैं अडिग भएर बसेको छ । यो भ्रष्टाचारी चट्टानी संस्थालाई अख्तियारले हल्लाउन सक्छ वा सक्दैन समयले नै बताउला ।

देशको अर्थतन्त्र र जनजीवन कृषिसंग जोडिएको विषय रहेकोले यसप्रति सबैको चासो हुनु स्वाभाविकै हो । सरकारी संयन्त्रको भ्रष्ट नियतमा अल्झिएर अस्तित्व गुमाएको सरकारी विकास नीतिबाट जनता पनि निराश भई आफनै ढंगले कृषि उत्पादनको शुद्धिकरणमा जुटेको छ । आफनै स्तरमा सानै स्केलमा भएपनि अर्गानिक खेती गर्न मानिसहरू उत्साहित भएका छन् । सरकारी सुविधाको जटिल प्रक्रियामा नगई नेपाली किसान आफनै तरिकाबाट व्यावसायिक रूपमा अर्गानिक कृषि, पशुपालन, माछापालन आदि व्यवसाय शुरू गरेका छन् । विस्तारै विकसित भई रहेको अर्गानिक खेती आकर्षणको केन्द्र बन्दै गई रहेको छ र यसमा संलग्न भै रहेका किसानहरू पनि संगठित व्यवसायमा रूपान्तरण गर्दै छन् ।

बिषादि कृषि उत्पादनको दुषित प्रभावबाट बच्न अर्गानिक कृषि उत्पादन प्राप्त गर्न ग्राहक संख्या बढि रहेकाले किसानहरू आफनो उत्पादनको आकर्षक मूल्य पाई रहेको कारणले पनि अर्गानिक खेती निर्वाहमुखी बन्न गएको छ । सामान्य उत्पादनभन्दा अर्गानिक उत्पादनको माग पनि दिनानुदिन बढ्दै गई रहेको र यसको मूल्य पनि बढी रहेकोले उत्पादन गर्ने किसानले मागलाई पूर्ति गर्ने अवस्थामा भने छैन । तर किसानको उत्साह बढेको छ र यसले अरूलाई यो पेशा गर्न आकर्षित पनि गरेको छ ।

कार्वन उत्सर्जनलाई न्यूनीकरण गर्न प्रमुख भूमिका निर्वाह गर्ने नेपालको वनले अन्तर्राष्ट्रिय स्तरमा कार्बन व्यापारको क्षेत्रमा आफनो उपस्थिति जनाएको छ । सोही दाँजोमा अर्गानिक कृषिले पनि सोही परिमाणमा कार्बन व्यापार गर्न सक्षम हुने सम्भावना छ । उत्सर्जित कार्बनलाई आफनै क्रियामा समाहित गरि मलको रूपमा प्रयोग गरिने चक्रीय प्रक्रियाले कार्बन व्यापारमा सघाउन राम्रो भूमिका निर्वाह गर्ने अर्गानिक खेतीको औचित्य बढेर गएको छ । कृषि पेशाको शर्मनाक असफलताको चक्रव्यूहबाट बाहिर निस्केर सरकारलाई कृषिनीतिबारे गम्भीर भई सोच्न परिस्थितिले पनि बाध्य गरि रहेको छ । एउटा राम्रो सम्भावनालाई निस्तेज पार्ने सरकारी नियतलाई परिवर्तन गरि समय सुहाउँदो नीति तर्जुमा गरि देशको विकासको गतिलाई निर्विरोध अगाडि बढाउनु पर्दछ । यही समयको माँग हो । पूर्ववर्ती सरकारहरू जस्तै विकासलाई यथास्थितिमा राख्न खोजे अरू सरकारको पतन भए जस्तै यिनको पनि पतन हुने निश्चित छ । जनताको आवश्यकताको मागलाई अवरूद्ध गर्ने कुनै पनि शक्ति अस्तित्वमा नरहने निश्चित छ ।

देशको सबल भए राष्ट्रियता स्वतः सबल हुन्छ । कृषि उत्पादनमा नयाा प्रविधीबाट संलग्न हुने निजीक्षेत्रलाई सरकारले सहज रूपमा सहयोग गरि प्रोत्साहन गर्नु पर्दछ । सुविधा उपलब्ध गराउने सरकारी जटिल प्रक्रियाको निषेध अवस्थालाई हटाएर सर्व सुलभ बनाउनु पर्दछ । सरकारको ईमानदार प्रयास त कृषि उत्पादनको क्षेत्रमा संलग्न निजीक्षेत्रलाई वैदेशिक सहायता उपलब्ध गराई दिनु पनि हो । सो सम्भव नभए आफनो स्तरबाट देय सुविधा सहज उपलब्ध गराउनु पर्दछ । निजीक्षेत्रले देखाएको रूचिलाई प्रोत्साहित गरि सरकारले सहयोगि भूमिका निर्वाह गरे कृषिक्षेत्र उतपादन बढाउन कसैको मुख ताक्ने स्थितिमा रहादैन । परिस्थितिले सरकारभन्दा जनतालाई कृषि उत्पादन बढाउन वैकल्पिक मार्ग खोज्न प्रेरित गरि रहेको छ । (मधेश दर्पण फिचर सेवा)

व्यक्तिगत...

पदमा जर्वजस्ती खाूदेका छन् । महानिर्देशक बन्ने लाईनमा रहेका ईश्वरप्रसाद रिजाललाई विगतमा उपमहानिर्देशकबाट कृषि सूचना तथा सञ्चार केन्द्रमा सरुवा गरिएको थियो ।

उपमहानिर्देशक भईसकेकाहरुलाई कि निर्देशनालयहरुमा वा मन्त्रालयमा नै तान्ने परम्परालाई समेत मन्त्री पराजुलीले लत्याउूदै मन्त्री पराजुलीले बमलाई क्षेत्रीय निर्देशक बनाएका छन् । अझै कति सहसचिवलाई यस्तै हविगतमा पुऱ्याउने हुन् त्यो भने हेर्न वांकी नै छ ।

उंधो गतितिर कृषि.....

राजनीतिक आस्थाकै आधारमा महानिर्देशक बनाईएको भन्ने हो भने पनि महानिर्देशक बन्नका लागि योग्य मानिएका बाली विकास निर्देशनालयका निर्देशक डा. सुरोज पोखेल पनि एमाले कै हस्ति कार्यकर्ताका रुपमा गनिन्छन्। तर त्यसोनभई कनिष्ठ जिसीलाई महानिर्देशकमा ल्याउनुको कारण खोजीको विषय बनेको छ । कृषि विभागमा कनिष्ठ जिसीलाई महानिर्देशक नियुक्त गरेपछि मन्त्री पराजुलीका विषयमा एमालेको भातृसंगठन भित्र पनि बहश शुरु भएको छ ।

आर्थिक चलखेलमा निकै माहिर मानिएका नवनियुक्त महानिर्देशक युवकध्वज जिसी बाली संरक्षण निर्देशनालयमा रहँदा गरेका कर्तुतहरुबाट दिक्क भएका उनका सहपाठीहरु बीच उनकै चर्चा हुन थालेको छ । जिसी महानिर्देशक भएपछि कृषि विभाग ओरालोतर्फ लागेको मन्त्रालयदेखि जिल्लातहसम्मका कर्मचारीहरु वीच छलफलको विषय बन्न थालेको छ ।

जिसीले सो निर्देशनालयमा रहदा आर्थिक चलखेल कै कारण विदेशी दातृ निकाय विश्व खाद्य संगठन (एफएओ) को नेपाल स्थित कार्यालयका कर्मचारीहरु समेत जिसीसँग रुष्ट बनेका थिए भने त्यही कारण कतिपय आउन लागेका आयोजनाहरु समेत फिर्ता भएको स्रोतको दावी छ । यस्ता महानिर्देशक कृषि विभागमा रहि रहने हो भने कृषि मन्त्री मात्र होइन उनलाई ल्याउने गृहमन्त्री बामदेव गौतमको नाम समेत बदनाम हुन बेर छैन ।

मौरी....

उनले जानकारी दिएका छन् । यस्ता अप्रत्यक्ष फाइदाका कारणपनि योजना आयोगले प्राथमिकतामा पहिलो राख्नु पर्ने उनको तर्क छ । पछिल्लो समयमा युवा स्वरोजगारका लागि मौरीपालन तथा च्याउ उत्पादनमा युवाहरु आकर्षित भएको काठमाडौंमा मात्र दैनिक ८ देखि १० टन च्याउ उत्पादन एवं खपत भईरहेकोले राज्यले व्यहोर्नु पर्ने बेरोजगारीको समस्या समेत समाधान गर्ने वैकल्पिक उपाय भएकाले मुलुकमा नै स्वआर्जन गरी रोजगारीबृद्धि गर्न पनि सरकराले च्याउ र मौरीपालनलाई समेत पहिलो प्राथमिकतामा राख्नु पर्ने धारणा श्रेष्ठले कृषि साप्ताहिकलाई बताए । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका १० वटा मापदण्ड मध्ये ९ वटा मापदण्ड प्रत्यक्ष तथा १ वटा मापदण्ड अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने भएकाले रेशम खेती तथा व्यवसायिक कीट विकास कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्नु पर्ने उनको तर्क छ ।

सहकारीको माध्यमबाट लाखौँ कमाउन सफल कृषकहरू

म्याग्दी । म्याग्दीको सिद्ध बिक्री गरेर लाखौदूध बिक्री गरेर लाखौदूध बिक्री गरेर लाखौँ कमाउँदै सहकारीका कृषक कमाउँदै सहकारीका कृषक कमाउँदै सहकारीका कृषकगाका बासिन्दाले दूध बिक्री गरेर गाउँदूध बिक्री गरेर लाखौँ कमाउँदै सहकारीका कृषकमा लाखौँ नगद भित्र्याउन सफल भएका छन् । सिँगाको जनभावना दुग्ध सहकारी संस्थामा आवद्ध कृषकले दूधबाटै गाउँमा लाखौ नगद भित्र्याएका हुन् । विसं २०६९ मा दुग्ध सङ्कलन केन्द्र स्थापना गरी दूध निर्यात गर्न सुरु गरेको संस्थाले चालु आर्थिक वर्षको १० महिनामा मात्र करिब रु २२ लाखको दूध बिक्री गरेको जनाएको छ । २०७० साल असारदेखि २०७१ साल वैशाख मसान्तसम्म ३६ हजार २५५ लिटर दूध बिक्री गरेर रु २१ लाख ७५ हजार आम्दानी भएको संस्थाका सचिव देवेन्द्रबहादुर बानियाँले जानकारी दिए । प्रतिलिटर रु ६० का दरले सदरमुकाम बेनी बजारमा दूध बिक्री हुने गरेको छ ।

संस्थामा आबद्ध ४१ जना कृषकमध्ये हाल २५ जनाले दैनिक १५५ लिटरका दरले दूध बिक्री गर्दै आएका छन् । कृषकबाट रु ५० का दरले दूध खरिद हुने गरेको छ । ढुवानीबापत छ रुपैयाँ र चार रुपैयाँ संस्थाको कोषमा राख्ने गरिएको छ । गत वर्ष पनि रु २० लाखको दूध निकासी भएको थियो । सचिव बानियाका अनुसार जिल्ला पशुसेवा कार्यालयको सहयोगमा संस्थाले दुग्ध सङ्कलन केन्द्र स्थापना गरेको थियो ।

दूध बेचेर एक जना किसानले बढीमा मासिक रु ४५ हजारसम्म आम्दानी गर्छन् । संस्थामा दूध भण्डारणका लागि डिफ्रिज राख्न र भैँसीपालनका लागि कृषकलाई अनुदान उपलब्ध गराउन पहल भइरहेको सचिव बानियाले बताए ।

जापानी राजदूत गोरखाको गाई फार्ममा

गोरखा । नेपालका लागि जापानी राजदूत मासासी ओगावाले यहाास्थित च्याङ्लीको कामधेनु गाईफार्मको अवलोकन गरेका छन् । उनले गत बुधबार साझ गाईफार्मको अवलोकन गरेका हुन । राजदूत ओगावाले गाईपालनको पृष्ठभूमि, सम्भावना र चुनौतीलगायतका विषयमा चासो राख्नुभएको गाईफार्मका सञ्चालक राजेन्द्र पन्तले जानकारी दिए । राजदूत ओगावा सात जनाको टोलीसहित गाईफार्मको अवलोकन गर्न च्याङ्ली आएका थिए । यहांको कामधेनु गाईफार्ममा होलस्टेन, जर्सी, टेरेन्टाईजलगायत विभिन्न जातका २५० वटा उन्नत जातका गाई छन् ।

मासिक रु एक लाख पचास हजार नाफा आर्जन हुने सो फार्ममा २० जनाले रोजागारीसमेत पाएका छन् । च्याङ्लीमा रहेको कामधेनु गाईफार्मलाई देशकै नमुना गाईफार्मका रूपमा लिइन्छ । कामधेनुबाट उत्पादित दूध पोखरास्थित पन्थी डेरीले खरिद गर्ने गरेको छ । गाईपालनका लागि बिजुली र पानीको समस्या रहेको पन्तको भनाइ छ । राजनीतिशास्त्रमा स्नातकोत्तर तह उतीर्ण पन्तले आफ्ना दुई छोरालाई समेत यही पेसामा संलग्न गराउनुभएको छ । पन्तको गाईफार्म अवलोकनका लागि दैनिक दर्जनभन्दा बढी सङ्घसंस्था यहां आउने गर्दछन् । पन्तले फार्मको अवलोकन बापत एक हजार दस्तुरसमेत लिने गरेका छन् ।

अदुवाको मूल्यमा वृद्धि

काठमाडौं । काठमाडौंको बजारमा सर्वसाधारणले मसलाका रूपमा प्रयोग गर्ने अदुवाको मूल्य वृद्धि भएको छ । गएको ६ महिना अघिसम्म प्रतिकेजी रु १७० मा पाइने अदुवाको मूल्य वृद्धि भएर हाल प्रतिकेजी रु २५० पुगेको छ । असनका व्यापारी राजन डङ्गोलका अनुसार नया अदुवा नआएसम्म यसको मूल्य अझै बढ्ने सम्भावना हुन्छ ।

काठमाडौंको असन, मरु, गोङ्गबु, कालिमाटी आदि क्षेत्रमा पसलैपिच्छे फरकफरक मूल्य रहेको र खुद्रा किन्दा पाउको रु ६० सम्म लिने गरेको पाइन्छ । भदौपछि नयाा अदुवा बजारमा आएपछि मात्र अदुवाको मूल्यमा कमी आउने व्यापारी बताउछन् ।

पुग्ला त बजेट : राष्ट्रिय कृषक समूह महासंघको च्यालीमा सहभागी किसान । तस्वीरः कृषि

प्रांगारिक कृषि उत्पादन पनि संक्रमणकालिन अवस्थामा छ

तीन दशकदेखि प्रांगारिक कृषि उत्पादनको वकालत गर्दै विभिन्न देशहरुमा प्रांगारिक प्रमाणित निरीक्षकका रुपमा कार्य गर्दै आईरहनु भएका महेश्वर घिमिरे बेलायत, जर्मन, अष्ट्रेलिया लगायत ४० भन्दा बढी देशमा प्रांगारिक कृषिका क्षेत्रका कार्यशालामा समेत सहभागी भईसक्नु भएको छ। नेपालमा प्रांगारिक कृषिका लागि मापदण्ड नभईरहेको अवस्थामा प्रांगारिक कृषिमा विज्ञ मानिने घिमिरेसँग कृषिका लागि गरिएको कुराकानी :

महेश्वर घिमिरे, अध्यक्ष -सेकार्ड नेपाल

सेकार्डले किन कृषि क्षेत्रमा आफ्ना कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ?

प्राचिनकालदेखिको कुरालाई जोड्ने हो भने कृषि जीवनको आधार हो। नेपालको सन्दर्भमा कुरा गर्ने हो भने विकास भएपनि नभएपनि सम्भावना वोकेको क्षेत्र भनेको नै कृषि हो। साथै कृषि क्षेत्र अत्यन्तै फराकिलो क्षेत्र पनि हो। मुलुकको आर्थिक मेरुदण्डको एक ठूलो हिस्सा भनेको कृषि क्षेत्र नै भएकाले हामीले आफ्नो स्थापना कालदेखि नै कृषिकै विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेका छौं।

एउटा गैरसरकारी संस्थाका नाताले कृषि क्षेत्र त्यसमाथि पनि प्रांगारिक कृषि उत्पादनमा नै जोड दिनु भएको छ के कारण छ ?

कारण केही पनि छैन। नेपालको भविष्य भनेकै प्रांगारिक कृषि उत्पादनबाट नै मुलुकलाई समृद्ध तुल्याउन सकिन्छ भन्ने हाम्रो सोच हो। त्यही अनुरुप पनि हामीले आफूहरुलाई प्रांगारिक कृषिमा नै जोड दिएका छौं। नेपालको भौगोलिक अवस्थाका कारण यान्त्रिकरण गर्छु भन्ने हो भने पहाडी क्षेत्रमा त्यो हाँसोको कुरा मात्र बन्न सक्छ। प्राकृतिक स्रोत जोगाउने अहिलेसम्मकै उपाय मध्ये एउटा उपाय प्रांगारिक खेती पनि यो हुन सक्छ। यसले हामीलाई मात्र नभएर हाम्रा पुस्तालाई पनि केही जोगाईदिन्छ भन्ने एउटा पाटो हो। अर्को पाटोको रुपमा छिमेकी राष्ट्रबाट अध्ययन गर्नेहरुका लागि पहाडि कृषिको बारेमा जानकारी गराउन र कृषि पर्यटन बढाउनका लागि पनि प्रांगारिक कृषि उत्पादनले ठूलो टेवा दिन्छ। तेस्रो कुरा के हो भने प्रांगारिक कृषिको बजारीकरणका लागि हाम्रो छिमेकी राष्ट्र भारत मात्र होइन अन्य देशहरुमा पनि खपत गराउन सकिन्छ। गुणस्तरलाई ख्याल गर्ने हो भने हाम्रा किसानहरुले उत्पादन गरेका प्रांगारिक कृषि उपजहरुका कारण हामीले स्वरोजगार मात्र होइन विदेशी मुद्रा आर्जन गर्न पनि ठूलो भूमिका खेलन सक्छौं त्यही भएर पनि हामीले यसतर्फ आम किसानहरुलाई सक्रिय तुल्याउनका लागि अगाडि बढिरहेका छौं।

पछिल्लो समयमा प्रांगारिक कृषि उत्पादन तर्फ किसानहरु भन्दा पनि अन्य लगानीकर्ताहरु उत्साहित भएको पाइन्छ। बुझेर गरिरहेका छ वा कसैले भनेको भरमा कुदिरहेका छन् ?

संसारमा विभिन्न खाले प्रांगारिक उत्पादनका मापदण्ड र नियम कानूनहरु छन्। ती नियम र कानूनकै आधारमा ती देशहरुमा उत्पादन भएका कृषि उपजहरुलाई प्रांगारिक उत्पादनको प्रमाणपत्र पनि दिइन्छ। तर नेपालमा यसै हो भन्ने नै छैन जसरी मुलुक संक्रमणकालिन अवस्थामा गुज्रिरहेको छ। त्यसैगरी नेपाली कृषि क्षेत्र भित्र प्रांगरिक पनि संक्रमणकालिन अवस्थामा नै रहेको छ। वास्तवमा भन्ने हो भने सहि सूचनाको अभावमा मानिसहरु प्रांगारिकका नाममा दौडिरहेका छन्। बजारमा प्रांगारिक उत्पादन भन्ने गरिन्छ कसले प्रमाणित गरिदिने हो त्यो अझै पनि अन्योलमा छ। हामी विश्वासका आधारमा प्रांगारिक कृषि उत्पादन भनेर खरिद गरिरहेका छौं। नेपालको बजारमा विक्री वितरण भईरहेका कृषि उपजहरु प्रांगारिक हो भन्ने प्रमाण के हो त ? कि त तपाईले देखेको वा जानेको हुनु पर्‍यो वा कृषि उत्पादन गर्ने किसानहरुका बारेमा जानकारी हुनु पर्‍यो कि भने सरकारी निकायले यो उत्पादन प्रांगारिक उत्पादन हो भन्ने दिनु पर्‍यो अहिलेसम्म यी कुनै पनि कुरा नेपालमा विद्यमान छैन त्यसकारण पनि हामीले मुखले भजाएरै प्रांगारिक बनाएका छौं। र हावामा दौडाईरहेका छन्। तर नेपालमा प्रांगारिक कृषि उत्पादनहरु पनि प्रशस्त नभएका होइनन् भएका छन्।

यहा स्वयं १४ बर्षदेखि प्रांगारिक कृषि उत्पादनको निरीक्षकका रुपमा नेपाल लगायतका देशमा काम गरिरहनु भएको छ। नेपालको अवस्थामा प्रांगारिक कृषि उत्पादन त्यत्ति सहज छ त ?

सरकारी तथा गैरसरकारी क्षेत्र जो कोही आएर भएपनि प्रांगारिक उत्पादन गर्नेहरुलाई प्रोत्साहन गर्नु पर्दछ। प्रांगारिक कृषि उत्पादनका नाममा ठगी खानेहरुलाई राज्य तथा गैरसरकारी संस्थाहरुका तर्फबाट पनि सहयोग गर्नु भएन। प्रांगारिक कृषि संक्रमणकालिन अवस्थामा रहेकाले हामी उपभोक्ताहरुले सजग र सचेत भएर प्रांगारिक हो की होइन बुझेर मात्र खरिद गर्नु पर्दछ।

नेपाली किसानहरु प्रांगारिक कृषि उत्पादनका लागि कत्तिको सजग छन् त ?

भविष्यमा नेपाल प्रांगारिक कृषि उत्पादनमा नगै सुख नै छैन। किनभने देखि हाम्रो स्वास्थ्य र हाम्रो आफ्नै प्रयोजनका लागि पनि प्रांगारिक कृषि खेती नै गर्नु पर्दछ। अन्य राष्ट्रले प्रविधिमा फड्को मारेको भएपनि ती प्रविधि हामीसँग नहुन सक्छ। तर, त्यहाँ प्रविधि भित्र्याउन पनि हामीले आफूसँग भएको स्रोत र साधनको भरपुर प्रयोग गर्न सक्यौं भने पनि हामीले हाम्रा उत्पादनलाई ती राष्ट्रहरुमा त पुऱ्याउन सक्छौं। भोली प्रतिष्पर्धामा जान सक्ने अवस्थामा हामीले के दिन सक्छौं भन्दा विदेशी राष्ट्रहरुलाई समेत हामी कृषि प्रधान देश भएका कारण र बहुसंख्यक जनता कृषिमा निर्भर रहेका कारण पनि हामी प्रांगारिक कृषि उत्पादन तिमीलाई दिन सक्छौं भन्ने अवस्थाका लागि पनि किसान धेरै सजग भईसकेका छन् तर अव सरकारी एवं गैरसरकारी क्षेत्रबाट पनि सजग गराउन तर्फ लाग्नु पर्दछ।

तर प्रांगारिक कृषि उत्पादनका लागि लागत मूल्य बढी छ त्यसकारण पनि धान्न सकिदैन भन्छन नि त ?

खर्चिलो हुन सक्छ तर त्यसका लागि सरकारले केही अनुदानको व्यवस्था गरिदिनु पर्दछ। शुरुका दुई तीनबर्ष खर्चिलो हुन सक्छ भने हामीले हाम्रो कृषि उत्पादन गर्ने माटामो रसायनिक बिषादीका कारण माटो ध्वस्त पारिसकेका छौं त्यसकारण त्यसलाई प्रांगारिक बनाउका लागि लाग्ने समयम कम्तिमा तीन बर्ष लाग्छ त्यस समयसम्म लगानी बढ्छ। त्यसका लागि सरकारले विभिन्न आयोजनाहरु संचालन गरेर किसानलाई राहतको प्याकेज दिने काम गर्न सक्यौं भने त्यसपछिको बर्षहरुमा भने लागत मूल्य बढ्दैन किसानहरु फाइदामा नै जान्छन्।

सरकारले के गर्न सक्छ त ?

सरकारले केवल मध्यस्तता गरिदिए पुग्छ। सरकारले सबै काम गरिदिन सक्दैन। नीति नियम बनाईदिने र त्यसलाई कार्यान्वयन गर्ने काम सरकारले गरिदिने हो र स्रोतको व्यवस्था गरिदिएर स्रोत र साधन सदुपयोग भएको छ कि छैन हेरे पुग्छ। कसकसले कुन कुन क्षेत्रमा प्रांगारिक कृषि उत्पादनमा काम गरिरहेको छ भन्ने कुरा सरकारका सम्वन्धित निकायसम्म जानकारी भईरहनु पर्दछ। जसले समन्वयकारी भूमिका खेल्नका लागि मद्दत पुगोस्। सरकारले त्यत्ति गरिदिए पनि प्रांगारिक कृषि उत्पादनका लागि ठूलो टेवा पुग्न सक्छ।

समस्या कहाँ छ त ?

प्रविधि नै ठूलो समस्या छ। हामी विदेशी प्रविधिको कुरा गर्दछौं तर हामीले हाम्रै देशमा बनेका प्रविधिको प्रचलन नै छैन। नेपालको कृषि अनुसन्धान परिषद्ले ठाउँ सुहाउँदो जान र बालीको अनुसन्धान गरेको छ ती कुराहरु किसानहरुलाई दिन सक्नु पर्‍यो। ती कुराको अनुसन्धानका क्रममा किसान र गैरसरकारी संस्थाहरुलाई पनिसूगै लान सक्यो भने सजिलो पनि हुन्छ। आफ्नो स्टेशनमा मात्र अनुसन्धान गर्दा किसानले विश्वास नगर्न सक्छ तर त्यही कुरा किसान कै खेतमा अनुसन्धान गर्ने हो भने त्यसले प्रभावकारी भूमिका खेल्न सक्छ।

हाम्रो प्रांगारिक उत्पादनलाई अन्तर्राष्ट्रिय जगतसूग कसरी जोड्न सक्छौं त ?

यो मुलुक हिमालको देश हो। हामीले उत्पादन गरेका प्रांगारिक कृषि उत्पादनलाई अमेरिका, चीन, जापान,कोरिया लगायतका ठूला देशमा हिमाली देशको प्रांगारिक उत्पादनका नाममा गुणस्तरीय उत्पादन पस्कन सक्यौं भने हामीले सोचेको भन्दा धेरै उपलब्धि हुन्छ। सकारात्मक सोचले जान सक्यो भने हाम्रो नेपाली प्रांगारिक कृषि उत्पादनलाई विश्व माझ पुऱ्याउन सक्छौं।

प्रांगारिक कृषि उत्पादन गर्न खोजेका किसानहरुलाई के भन्नु हुन्छ ?

रसायनिक मल तथा बिषादी प्रयोग गरिरहेका किसानहरुलाई एकैचोटी प्रांगारिक खेतीमा जाउ भन्ने हो भने सकिन्न। विस्तारै विस्तारै रसायनिक प्रयोगलाई न्यूनिकरण गर्दै लगेर प्रांगारिक खेती तर्फ जानुस् कुरा सुनेर मात्र भन्दा पनि बुझेर मात्र प्रांगारिक कृषि उत्पादनमा लाग्नु भयो भने पक्कै पनि कृषिले व्यवसायिकता हासिल गर्न सक्छ जसले हाम्रो कृषिलाई अन्तर्राष्ट्रिय क्षेत्र पुऱ्याउने मद्दत पुग्छ।

– वैकुण्ठ भण्डारी

कृषि पत्रकार समाजका लागि प्रकाशक/सम्पादकः वैकुण्ठ भण्डारी, कार्यकारी सम्पादकः विष्णुलाल श्रेष्ठ, कार्यालयः अनामनगर, फोन नं: ९८५१०५९४५५,पो.व.नं.:४३१२, ई-मेलः sajnepal@gmail.com, मुद्रकः मरुन प्रिन्टर्स, काठमाडौं